नेपाल सरकार

शहरी विकास मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

सूचना सार्वजनिक गर्ने निकायको नाम : **शहरी विकास मन्त्रालय**

**नेपाल सरकार**

**शहरी विकास मन्त्रालय**

# आ.व.२०८२/८३ को असोज मसान्तसम्मको त्रैमासिक अद्यावधिक सूचना

| **अद्यावधिक गरी प्रकाशित सूचनाको विवरणको सूची** | |
|---|---|
| (१) मन्त्रालयको स्वरुप र प्रकृति | |
| (२) मन्त्रालयको काम, कर्तव्य र अधिकार | |
| (३) मन्त्रालयका पदाधिकारी, कर्मचारीहरु (संख्या, नाम र कार्यविवरण) तथा सङ्गठन संरचना | |
| (४) मन्त्रालयबाट प्रदान गरिने सेवा | |
| (५) सेवा प्रदान गर्ने निकायको महाशाखा, शाखा र जिम्मेवार अधिकारी | |
| (६) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | |
| (७) निर्णय गर्ने प्रक्रिया र अधिकारी | |
| (८) निर्णय उपर उजुरी सुन्ने अधिकारी | |
| (९) यस अवधिमा सम्पादन गरेको कामको विवरण | |
| (१०) सूचना अधिकारी र प्रमुखको नाम र पद | |
| (११) ऐन नियम र विनियम वा निर्देशिकाको सूची | |
| (१२) आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण | |
| (१३) तोकिए बमोजिमका अन्य विवरण | |
| (१४) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण | |
| (१५) सार्वजनिक निकाएको बेभसाइट भए सो को विवरण | |
| (१६) बैदशिक सहायता ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण | |
| (१७) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि | |
| (१८) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण | |
| (१९) सार्वजनिक निकाएका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण | |

## १. निकायको स्वरुप र प्रकृति

शहरी विकास मन्त्रालय केन्द्रीय तहको नीति निर्माण गर्ने निकाय हो । नेपाल सरकारको मिति २०६९।०५।०२ को निर्णयानुसार शहरी विकास मन्त्रालयको गठन भएको हो । नेपाल सरकार (मं.प.) को मिति २०७४।१२।१४ को निर्णयानुसार पुर्नगठन पछि यस मन्त्रालयले शहरी विकास, आवास, भवन निर्माण सम्बन्धी कार्यहरु गर्ने जिम्मेवारी पाएकोमा मिति २०७९।०४।१९ मा नेपाल सरकार (मं.प.) को निर्णय पश्चात् यस मन्त्रालयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गतको स्थानीय पूर्वाधार विभागको समेत जिम्मेवारी प्राप्त भएको एवं नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८१/६/२१ को निर्णयबाट नयाँ संगठन संरचना र दरवन्दी तेरीज स्विकृत भई कार्यान्वयनमा आएको छ ।

## २. मन्त्रालयको काम, कर्तव्य र अधिकार

नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ बमोजिम शहरी विकास मन्त्रालयको क्रम संख्या २० मा देहायको कार्यक्षेत्र तोकिएको छ ।

१ सहरी विकास सम्बन्धी नीति, कानून र मापदण्ड,
२ बस्ती विकास, सहरी विकास र आवास विकाससम्बन्धी नीति, कानून , मापदण्ड र नियमन;
३ राष्ट्रिय भवन संहितासम्बन्धी नीति, कानून र मापदण्ड;
क. फोहरमैला व्यवस्थापन सम्वन्धी नीति, मापदण्ड, समन्वय र सहजीकरण
४ संघीय सचिवालयको भवन निर्माण, मर्मत तथा व्यवस्थापन;
५ राष्ट्रिय सहरी पूर्वाधार विकास, सङ्घीय सरकारी आवास, भवन निर्माण तथा मर्मत सम्भार;
६ विशिष्ट सहरी संरचना;
७ राष्ट्रियस्तरका संयुक्त र बहुतले आवासम्बन्धी नीति, कानून, मापदण्ड र नियमन;
८ लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवास व्यवस्थापन नीति, कानून र मापदण्ड
९ नगर विकास कोष;
१० मन्त्रालयसम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय ;
११ मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण,प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन ;
क. राष्ट्रियस्तरको पार्क, मनोरञ्जन स्थल सम्वन्धी नीति, कानून, मापदण्ड र नियमन
१२ नेपाल इन्जिनियरिङ्ग समूहको विल्डिङ्ग एण्ड आर्किटेक्ट उपसमुहको सञ्चालन ।

## ३. मन्त्रालयका पदाधिकारी, कर्मचारीहरु (संख्या, नाम र कार्यविवरण) तथा सङ्गठन संरचनाः

| शाखा/कार्यकक्ष | पद | नाम थर | मोबाइल नं. | फोन नं. |
|---|---|---|---|---|
| शहरी विकास मन्त्री | शहरी विकास मन्त्री | श्री कुलमान घिसिङ |  | ४२०००३४ |
| शहरी विकास मन्त्रीज्यूको निजी सचिवालय | निजी सचिव |  |  |  |
|  | शाखा अधिकृत |  |  | ४२०००३५ |
|  | कम्प्युटर अपरेटर | श्री सरस्वती दाहाल | 9861075619 |  |
|  | हलुका सवारी चालक | श्री सुशिल ठकुरी | 9845057477 |  |
|  | कार्यालय सहयोगी | श्री चाँदनी तामाङ्ग(डिमडुङ) | ९८१३७५८०२५ |  |
|  | कार्यालय सहयोगी | श्री एन्जिला तामाङ्ग(लोप्चन) | ९८०३४१६७७४ |  |

| | | | | |
|---|---|---|---|---|
| | कार्यालय सहयोगी | श्री विवस जसराज | 9869086061 | |
| सचिव | सचिव | श्री गोपाल प्रसाद सिग्देल | 9851185233 | |
| श्रीमान् सचिवज्यूको सचिवालय | शाखा अधिकृत | श्री हुतराज निरौला | 9841872123 | ४२११६७३ |
| | पुस्तकालय सहायक | श्री शुभाष चौधरी | ९८५१२४९५७१ | |
| | कम्प्युटर अपरेटर | श्री स्नेह निरौला | 9843635567 | ४२००२४६ |
| | हलुका सवारी चालक | श्री पुने थापा मगर | 9761801606 | |
| | कार्यालय सहयोगी | श्री मथुरा थापा | 9861799510 | |
| | कार्यालय सहयोगी | श्री तारादेवी कार्की खड्का | 9844284921 | |
| प्रशासन महाशाखा | सहसचिव | श्री नारायण प्रसाद मैनाली | 9851150500 | 4200232 |
| | कम्प्युटर अपरेटर | श्री राजेन्द्र महर्जन | ९८४१६०७६८५ | ४२११५६० |
| | हलुका सवारी चालक | श्री मनोज कुमार राई | 9860247294 | |
| | कार्यालय सहयोगी | श्री मधु बुढाथोकी | ९८६१९३३८९८ | |
| कर्मचारी प्रशासन शाखा | उपसचिव | श्री वैकुण्ठ उपाध्याय | 9851082505 | ४२००२६२ |
| | शाखा अधिकृत | श्री सिन्धु पाठक | 9841759844 | ४२११८७६ |
| | शाखा अधिकृत | श्री प्रदीप राज भण्डारी | 9851175166 | |
| | नायब सुब्बा | श्री इन्दिरा जोशी (श्रेष्ठ) | ९८४२८२६२५० | |
| | कम्प्युटर अपरेटर | श्री विजय महर्जन | 9841894535 | |
| | हलुका सवारी चालक | श्री पुरन प्रसाद चौधरी | ९८४१४५३७४८ | |
| | कार्यालय सहयोगी | श्री गिता पौडेल | ९८४३७८८७२३ | |
| आन्तरिक व्यवस्थापन शाखा | उपसचिव | श्री ईन्दिरा थापा | 9841829019 | ४२११८८३ |
| | शाखा अधिकृत | श्री केशव राज शर्मा | 9843742106 | |
| | नायब सुब्बा | श्री सुबास प्रसाद निरौला | 9849233999 | 4200391 |
| | नायब सुब्बा | श्री हरिमाया पनेरु | 9841873430 | ४२०००११ |
| | कम्प्युटर अपरेटर | श्री कमला देवी बस्याल | ९८५१२१०३१६ | |
| | हलुका सवारी चालक | श्री किसन रोकाया | 9824180526 | |
| | हलुका सवारी चालक | श्री ज्ञान बहादुर बोगटी | ९८४९६०२४६५ | |
| | हलुका सवारी चालक | श्री नेम बहादुर तामाङ | ९८४९८०५६४१ | |
| | कार्यालय सहयोगी | श्री संगिता दाहाल | ९८४९७३६८१९ | |
| | कार्यालय सहयोगी | श्री हिरा गिरी | ९८४९२४१५०१ | |
| आर्थिक प्रशासन शाखा | उपसचिव | श्री हिरा न्यौपाने | 9851064321 | ४२११८५७ |

| | | | | |
|---|---|---|---|---|
| | लेखा अधिकृत | श्री प्रभा पोखेल | 9851249428 | ४२००५३५ |
| | लेखापाल | श्री सिद्धान्त दाहाल | 9860567284 | |
| | कम्प्युटर अपरेटर | श्री सिर्जना गेलाल | 9849486059 | |
| | हलुका सवारी चालक | श्री राम शरण थापा | ९८४१८२७१६६ | |
| | कार्यालय सहयोगी | श्री अर्जुन बहादुर थापा | ९८४१६९१९५४ | |
| | कार्यालय सहयोगी | श्री अमृता बस्नेत | ९८६०६६८५२० | |
| कानुन तथा फैसला कार्यान्वयन शाखा | उपसचिव | श्री लक्ष्मी शर्मा | ९८४१७१२८८० | ४२०००७५ |
| | कानुन अधिकृत | श्री जानुका शिवाकोटी | ९८४१३०७८०३ | |
| | नायब सुब्बा (कानुन) | श्री सौरव बराल | 9861097648 | |
| | कम्प्युटर अपरेटर | श्री पुजा उपाध्याय | ९८४८४३३६६१ | |
| | कार्यालय सहयोगी | श्री रितु गिरी | ९८६०६६८१८७ | |
| शहरी विकास महाशाखा | सहसचिव (बि.आ.) | श्री नवराज प्याकुरेल | ९८५१२४०४३७ | 4211873 |
| | नायब सुब्बा | श्री दिनेश उप्रेती | 9848579918 | |
| | कम्प्युटर अपरेटर | श्री शिला उप्रेती | 9860937102 | ४२००२८२ |
| | हलुका सवारी चालक | श्री सरोज श्रेष्ठ | ९८४९७८८७९६ | |
| | कार्यालय सहयोगी | श्री कञ्चन कुमारी सरदार | ९८१४३६२८७२ | |
| शहरी पूर्वाधार तथा फोहरमैला व्यवस्थापन शाखा | सि.डि.इ. (बि.आ.) | श्री महेश बहादुर सिंह | 9849715727 | |
| | इन्जिनियर (बि.आ.) | श्री आस्था पन्त | 9846896506 | |
| | हलुका सवारी चालक | श्री धनराज खतिवडा | 9843289399 | |
| अन्तर प्रादेशिक शहरी विकास योजना समन्वय शाखा | सि.डि.इ. (बि.आ.) | | | |
| | इन्जिनियर (बि.आ.) | श्री रेनुका भण्डारी | 9841561514 | |
| सामाजिक समन्वय शाखा | वरिष्ठ समाजशास्त्री | | | |
| | शाखा अधिकृत | श्री सुमित्रा लिम्बु | 9849758948 | |
| योजना, भवन तथा आवास महाशाखा | सहसचिव (बि.आ.) | श्री दिलिप भण्डारी | 9849378319 | |
| | कम्प्युटर अपरेटर | श्री उमेश कुमार महतो | ९८४१५६९१९६ | |
| | कार्यालय सहयोगी | श्री विजय विक्रम विश्वास | ९८४९२७२०८० | |
| | हलुका सवारी चालक | श्री जलुमाया राई | ९८१३२१७८२७ | |
| भवन शाखा | सि.डि.इ. (बि.आ.) | | | ४२११४८८ |
| | इन्जिनियर (बि.आ.) | | | |
| | कम्प्युटर अपरेटर | श्री शुष्मा कुमारी चौधरी | ९८४०१३७०९६ | |

| | | | | |
|---|---|---|---|---|
| आवास तथा विपद् व्यवस्थापन शाखा | सि.डि.इ. (बि.आ.) | | 9851059800 | |
| | इन्जिनियर (बि.आ.) | श्री गरिमा भारती | ९८६३०२०४७८ | 4200019 |
| | इन्जिनियर (बि.आ.) | श्री अम्जीत कृष्ण महर्जन | 9841910972 | |
| योजना शाखा | सि.डि.इ. (जनरल) | श्री मोहदत्त भट्ट | ९८५११८१४५० | ४२०००१३ |
| | इन्जिनियर (जनरल) | श्री आशुतोष ढुङ्गाना | ९८६१९२४१९७ | 4211878 |
| | इन्जिनियर (बि.आ.) | श्री निकास रेग्मी | 9862991330 | |
| | हलुका सवारी चालक | श्री राजेन्द्र बोयजु | ९८४११३१६११ | |
| अनुगमन तथा मूल्याङ्कन शाखा | सि.डि.इ. (बि.आ.) | | | |
| | इन्जिनियर (बि.आ.) | श्री ईशा श्रेष्ठ | 9841586420 | ४२११८६१ |
| स्थानीय पूर्वाधार विकास महाशाखा | सहसचिव (जनरल) | श्री गणेश राज वस्ती | 9863914874 | 4211115 |
| | कम्प्युटर अपरेटर | श्री ज्योती न्यौपाने | ९८४३२१४१०० | |
| | हलुका सवारी चालक | श्री कृष्ण बहादुर बोहरा | ९८५८०६७५९० | |
| | कार्यालय सहयोगी | श्री सिता लम्साल | 9860984497 | |
| | कार्यालय सहयोगी | श्री रीता चौलागाई | ९८४९५१०५४४ | |
| स्थानीय पूर्वाधार विकास शाखा | सि.डि.इ. (जनरल) | श्री निरुपम मिश्र | 9841373881 | ४२००३९३ |
| | इन्जिनियर (जनरल) | श्री आस्था अधिकारी | ९८६०१५६१५६ | |
| | हलुका सवारी चालक | श्री उद्धव बराल | ९८५११५४८३३ | |
| विकास सहायता समन्वय शाखा | सि.डि.इ. (बि.आ.) | | | |
| | इन्जिनियर (बि.आ.) | | | |
| | इन्जिनियर (जनरल) | श्री उषा कुमारी शाही | 9844832210 | |
| बातावरण शाखा | सि.डि.इ. (जनरल) | श्री निरोज दाहाल | 9855064647 | |
| | इन्जिनियर (जनरल) | श्री विजय रेग्मी | ९८५७८८५९०९ | |
| | वातावरण निरीक्षक | श्री हरि शंकर झा | 9851107412 | |
| दर्ता चलानी | कार्यालय सहयोगी | श्री जय बहादुर भण्डारी | ९८४३००२५४४ | 4200004 |
| | कार्यालय सहयोगी | श्री हेम कुमारी गिरी | ९८६०५६१०५६ | |
| | कार्यालय सहयोगी | श्री दिपक कार्की | ९८६०९२१७७६ | |
| अन्य कर्मचारी (ह.स.चा. र का.स.) | कार्यालय सहयोगी | श्री मन्जु श्रेष्ठ | ९८०३५५०४८१ | |
| | कार्यालय सहयोगी | श्री धनमाया खड्का | ९८६३१८०६२८ | |
| | कार्यालय सहयोगी | श्री बाटुली गुरुङ्ग | ९८६०१९४४४४ | |

## मन्त्रालयको मौजुदा दरबन्दी विवरण

| सि.नं. | पदको नाम | श्रेणी | सेवा | समूह | उपसमूह | हालको दरवन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | सचिव | रा.प.विशिष्ट | ईन्जि | | | १ | |
| २. | सहसचिव | रा.प्र.प्र. | प्रशासन | | | १ | |
| ३. | सहसचिव | रा.प्र.प्र. | ईन्जि | सिभिल | वि.आ. | २ | |
| ४. | सहसचिव | रा.प्र.प्र. | ईन्जि | सिभिल | जनरल | १ | |
| ५. | उपसचिव | रा.प.द्वि. | प्रशासन | सा.प्र. | | ३ | |
| ६. | उपसचिव | रा.प.द्वि. | प्रशासन | लेखा | | १ | |
| ७. | कानून (उपसचिव) | रा.प.द्वि. | न्याय | कानून | | १ | |
| ८. | व.समाजशास्त्री | रा.प.द्वि. | विविध | | | १ | |
| ९. | सि.डि.ई | रा.प.द्वि. | ईन्जि | सिभिल | वि.आ. | ६ | |
| १०. | सि.डि.ई | रा.प.द्वि. | ईन्जि | सिभिल | जनरल | ३ | |
| ११. | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | सा.प्र. | | ६ | |
| १२. | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | | १ | |
| १३. | कानून अधिकृत | रा.प.तृ. | न्याय | कानून | | १ | |
| १४. | ईन्जिनियर | रा.प.तृ. | ईन्जि | सिभिल | वि.आ. | ८ | |
| १५. | वातारण निरिक्षक | रा.प.तृ. | विविध | | | १ | |
| १६. | ईन्जिनियर | रा.प.तृ. | ईन्जि | सिभिल | जनरल | ४ | |
| १७. | नायब सुब्बा | रा.प.अनं.प्र. | प्रशासन | सा.प्र. | | ६ | |
| १८. | नायब सुब्बा | रा.प.अनं.प्र. | कानून | न्याय | | १ | |
| १९. | लेखापाल | रा.प.अनं.प्र. | प्रशासन | लेखा | | १ | |
| २०. | कम्प्युटर अपरेटर | रा.प.अनं.प्र. | विविध | | | ११ | |
| २१. | पुस्तकालय सहायक | रा.प.अनं.प्र. | शिक्षा | पुस्तकालय विज्ञान | | १ | |
| २२. | टाईपिष्ट | रा.प.अनं.द्वि | प्रशासन | सा.प्र. | | ० | |
| २३. | ह.स.चा. | श्रेणी विहिन | | | | ७ | |
| २४. | का.स. | श्रेणी विहिन | | | | १७ | |
| | **जम्मा दरवन्दी** | | | | | ८५ | |

## ४. मन्त्रालयबाट प्रदान गरिने सेवा

मन्त्रालयबाट सामान्यतः सर्वसाधारण लक्षित प्रत्यक्ष सेवा संचालन नहुने, नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ (संशोधन सहित) बमोजिम यस मन्त्रालयको कार्यक्षेत्रमा परेका बिषयसँग सम्बन्धित कार्यहरु मन्त्रालय तथा मातहतका निकायबाट सम्पादन हुने ।यस मन्त्रालय अन्तर्गतका महाशाखा तथा शाखाहरूले सम्पादन गर्ने कार्यहरु देहाय बमोजिम रहेका छन् ।

**महाशाखागत कार्य विवरणः**

### क) प्रशासन महाशाखा

१) मन्त्रालयसँग सम्बन्धित कानूनको कार्यान्वयन, सुधार, संशोधन र परामर्श सम्बन्धी,

२) नेपाल इन्जिनियरिङ सेवा, सिभिल समूह, विल्डिङ एण्ड आर्किटेक्ट र स्यानीटरी उपसमूहहरुको संचालन, नियुक्ति, पदस्थापन, सरुवा, बढुवा, काज, कायम मुकायम, पुरस्कार र दण्ड, विभागीय कारवाही, अवकाश र राजिनामा सम्वन्धी तथा सेवाका अन्य शर्त सम्बन्धी,

३) आर्थिक प्रशासन सम्बन्धी,

४) वेरुजु फछ्यौंट सम्बन्धी,

५) आन्तरिक व्यवस्थापन, गुनासो व्यवस्थापन र सुशासन प्रवर्द्धन सम्बन्धी,

६) प्रशासकीय अभिलेख र तथ्यांक सम्बन्धी,

७) वैदेशिक छात्रवृत्ति र अध्ययन भ्रमण/तालिम/गोष्ठी/सेमिनारमा मनोनयन सम्बन्धी,

८) क्षमता अभिवृद्धि सम्बन्धी,

९) प्रशासनिक व्यवस्थापन परीक्षण सम्बन्धी,

१०) मन्त्रिपरिषद्मा पेश हुने प्रस्ताव सम्बन्धी ।

### (अ) कर्मचारी प्रशासन शाखा

१) मन्त्रालय र अन्तर्गतका निकायहरुको आवश्यक जनशक्ति व्यवस्थापन सम्बन्धी,

२) स्वीकृत दरबन्दी निजामती कितावखानामा दर्ता सम्बन्धी,

३) मन्त्रालय र अन्तर्गतका कार्यालयहरुमा रिक्त रहेका पदपूर्तिका लागि माग गर्ने र छनौट भई आएका कर्मचारीहरुलाई नियुक्ति, बढुवा तथा पदस्थापन सम्वन्धी,

४) मातहतका निकायको कर्मचारीहरुका कार्य सम्पादन मूल्यांकन सम्बन्धी,

५) कर्मचारीहरुको विवरण, दरवन्दी, हाजिरी, गयल, विदा रेकर्ड र व्यक्तिगत अभिलेख सम्बन्धी,

६) विभागीय कारवाही सम्बन्धी,

७) निमित्त, कायम मुकाम, काज सम्बन्धी,

८) वैदेशिक छात्रवृत्ति र अध्ययन भ्रमण/तालिम/गोष्ठी/सेमिनार का लागि उम्मेदवार मनोनयन सम्बन्धी,

९) अध्ययन वा तालिममा जाने र फर्कने व्यक्तिहरुको विवरण सम्बन्धी,

१०) सम्वद्धता निर्धारण सम्बन्धी,

११) मन्त्रालयले सम्पन्न गर्नुपर्ने वढुवा समितिको सचिवालय सम्बन्धी,

## (आ) <u>आन्तरिक व्यवस्थापन शाखा</u>

१) कर्मचारीहरुको आन्तरिक खटनपटन र आन्तरिक व्यवस्थापन सम्बन्धी,

२) मन्त्रालयका लागि आवश्यक परिवहन एवं संचार संयन्त्रको व्यवस्थापन सम्बन्धी,

३) मन्त्रालयका लागि आवश्यक सवारी साधन, मेशिनरी औजार तथा जिन्सी सामानहरुको खरिद , भण्डारण, आपूर्ती, मर्मत, सम्भार, जिन्सी निरीक्षण तथा लिलाम बिक्रिको व्यवस्था सम्बन्धी,

४) मन्त्रालयको सुरक्षा तथा सरसफाइ प्रवन्ध सम्बन्धी,

५) कर्मचारीको क्षमता विकास सम्बन्धी,

६) कर्मचारी बैठक र सोको निर्णय कार्यान्वयन एवं अनुगमन सम्बन्धी,

७) मन्त्रालय र अन्तरगत निकायमा कार्यरत कर्मचारी र राष्ट्रसेवकको सम्पत्ति विवरण सम्बन्धी,

८) मन्त्रालय र अन्तर्गतका निकायहरुले सम्पादन गर्ने कार्यहरुका सम्बन्धमा आइपर्ने विभिन्न गुनासो व्यवस्थापन, उजुरीको छानविन तथा संसदीय निगरानी निकायबाट प्राप्त सूझाव व्यवस्थापन सम्बन्धी,

९) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सहायक सम्पर्क विन्दु भई कार्य गर्ने सम्बन्धी,

१०) मन्त्रालयका कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकन सम्बन्धी ।

## (इ) <u>आर्थिक प्रशासन शाखा</u>

१. मन्त्रालय र अन्तर्गत निकायको वार्षिक बजेट तयारी, संशोधन र रकमान्तर सम्बन्धी,

२. मन्त्रालय अन्तर्गतका विकास आयोजना तथा कार्यक्रम तर्जुमामा सहयोग सम्बन्धी,

३. वैदेशिक सहयोगमा सञ्चालित आयोजनाहरुको सोधभर्ना सम्बन्धी,

४. अख्तियारी बाँडफाँड सम्बन्धी,

५. स्वीकृत बिनियोजन बमोजिम बजेट खर्चको केन्द्रीय लेखा सम्बन्धी,

६. विनियोजन, धरौटी र राजश्वका विवरण अद्यावधिक सम्बन्धी,

७. लेखा परीक्षण सम्बन्धी,

८. मातहत निकायको आर्थिक प्रशासन कार्यको अनुगमन सम्बन्धी,

९. बेरुजु अभिलेख र बेरुजु फछ्र्यौट सम्बन्धी,

१०. आर्थिक प्रशासन शाखासंग सम्बन्धित कार्यको प्रगति विवरण सम्बन्धी ।

## (ई) कानून तथा फैसला कार्यान्वयन शाखा

१. ऐन, नियम, गठन आदेश, विनियम, कार्यविधि, निर्देशिका, मापदण्डको मस्यौदा तयारी एवं परिमार्जन सम्बन्धी,

२. मन्त्रालय र अन्तर्गतका निकायलाई दिने कानुनी राय परामर्श सम्बन्धी,

३. मन्त्रालय र अन्तर्गतका निकायका तर्फबाट दिने लिखित जवाफ एवं प्रतिउत्तर सम्बन्धी,

४. मन्त्रालय र अन्तर्गतका निकायको मुद्धाको रोहमा प्रतिरक्षा सम्बन्धी,

५. मन्त्रालय र अन्तर्गतका निकायबाट गरिने वार्ता, संझौता आदिमा सहभागिता, वार्ताका बुँदा तयारी एवं संझौताको मस्यौदा सम्बन्धी,

६. नेपाल राजपत्रमा प्रकाशन गरिने सूचना सम्बन्धी,

७. मानव अधिकार सम्बन्धी,

८. मन्त्रालय र अन्तर्गतका निकाय पक्ष विपक्ष हुने वा भएको मुद्दामा सम्बन्धित अड्डा अदालतमा दिइने उजूरी वा प्रतिवाद वा लिखित जवाफ वा पुनरावेदनको लिखत तयारी र महान्याधिवक्ताको कार्यालयसँग समन्वय सम्बन्धी,

९. अदालतबाट भएका फैसला तथा निर्देशनात्मक आदेशको अभिलेख एवं कार्यान्वयन सम्बन्धी।

## ख) सहरी विकास महाशाखा

१. राष्ट्रिय तथा क्षेत्रीय शहरी पूर्वाधार विकास सम्बन्धी नीति, रणनीति, योजना, भौतिक विकास योजना, कार्यक्रम तथा शहरी विकास आयोजनाहरूको अनुगमन, नियमन तथा समन्वय सम्बन्धी

२. अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप दिगो विकास लक्ष्य, जलवायु अनुकूलन, नयाँ शहरी एजेण्डा (ह्याविट्याट - ३) अन्तर्गतका कार्ययोजनाहरूको कार्यान्वयनका लागि समन्वय सम्बन्धी

३. राष्ट्रिय महत्वका अन्तर्प्रदेशिक शहर र अन्तर्राष्ट्रिय सिमानामा अवस्थित शहरको पहिचान र प्रवर्द्धन सम्बन्धी

४. प्रदेश एवं स्थानीय तहहरूसँगको समन्वयमा फोहोरमैला व्यवस्थापन सम्बन्धी रणनीतिक कार्ययोजना तयार गर्ने, सोको डिजाइन, निर्माण सम्बन्धमा प्राविधिक सहयोग उपलब्ध गराउने सम्बन्धी

५. भौतिक विकास आयोजनाको तयारी, वर्गीकरण र आयोजना बैंक तयार गर्ने सम्बन्धी

६. केन्द्रीय तथा प्रादेशिक स्तरका रणनीतिक शहरी पूर्वाधार (मेगा सिटी, स्मार्ट सिटी, हिमाली शहर, नयाँ शहर, हरियाली शहर, सघन शहरी विकास) आयोजनाहरूको कार्यान्वयन र नियमन सम्बन्धी

७. विशिष्ट प्रकृतिका शहरी संरचनाको योजना तर्जुमा, अनुगमन, नियमन, मूल्याङ्कन तथा समन्वय सम्बन्धी

८. शहरी विकासको प्राविधिक, आर्थिक, सामाजिक तथा वातावरणीय विषय सम्बन्धी

९. काठमाण्डौ उपत्यका विकास प्राधिकरण, अधिकार सम्पन्न वागमती सभ्यता एकिकृत विकास समिति एवम नगर विकास समितिका भौतिक पूर्वाधार निर्माण, जग्गा अधिकरण एवम हस्तान्तरण, Land Pooling र शहरी सौन्दर्यकरण जस्ता कार्यहरु सम्वन्धी,

१०. शहरी विकासमा संलग्न सङ्घ, प्रदेश, स्थानीय तह लगायतका सरकारी, विकास साझेदार, गैर सरकारी र निजी संस्था तथा निकायहरूबिच समन्वय सम्बन्धी,

११. नगर विकास कोषको परिचालन गरी स्थानीय तहलाई प्राविधिक सहयोग एवं वित्तीय ऋण अनुदान उपलब्ध गराउने सम्बन्धी,

१२. लैङ्गिक सामाजिक समावेशीकरण

१३. लोपोन्मुख, सीमान्तकृत, गरिब, ज्येष्ठ नागरिक तथा अन्य लक्षित वर्गलाई जलवायु अनुकूलित, वातावरण मैत्री तथा बहुविपद् प्रतिरोधात्मक आवास व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड तर्जुमा गरी नियमन सम्बन्धी

१४. शहरी भू-उपयोग नीति, बस्ती विकास नीति, शहरी वातावरण अनुकूलन उपयोग नीति, शहरी विकास मापदण्ड तर्जुमा र नियमन सम्बन्धी

१५. शहरी विकास सम्बन्धमा पेश भएका विषयहरूमा राय तथा परामर्श सम्बन्धी

१६. शहरी तथा बस्ती विकास मापदण्ड सम्बन्धी

१७. प्रदेश र स्थानीय तहमा शहरी विकास योजना तर्जुमा, स्रोत पहिचान एवं परिचालन, कार्यान्वयन एवं सञ्चालन व्यवस्थापनमा क्षमता अभिवृद्धि सम्बन्धी

## (अ) <u>शहरी पूर्वाधार तथा फोहरमैला व्यवस्थापन शाखा</u>

१. सहरी भूउपयोग तथा सहरी विकास नीति, योजना तर्जुमा सम्बन्धी,

२. सहरी पूर्वाधार विकासको नीति तर्जुमा तथा कार्यान्वयन र अनुगमन सम्बन्धी,

३. सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबाट सञ्चालित सहरी भौतिक पूर्वाधा) सहरी सडक, सहरी खानेपानी, फोहोरमैला ब्यवस्थापन आदि) आयोजनाहरुबाट प्राप्त उपलब्धि,सेवास्तर) परिणात्मक तथा गुणात्मक) तथा अन्य व्यवस्थापकीय सूचनाहरुको सङ्कलन तथा पृष्ठपोषण सम्बन्धी,

४. नयाँ नगर निर्माण तथा सहरी क्षेत्र विस्तारको नीति तर्जुमा, योजना तर्जुमा तथा कार्यान्वयन पक्षको अनुगमन सम्बन्धी,

५. भौतिक विकास आयोजनाको तयारी, वर्गीकरण र आयोजना बैक तयार गर्ने सम्बन्धी,

६. शहरी पुर्वाधारमा निजी क्षेत्र लगायतको लगानीको नीति सम्बन्धी,

७. सहरी पुर्वाधारसँग सम्बन्धित निकायहरुसँग गर्ने समन्वय एवं सहकार्य सम्बन्धी,

८. विशिष्ट प्रकृतिका सहरी संरचनाको योजना तर्जुमा, अनुगमन, नियमन, मूल्याँकन तथा समन्वय सम्बन्धी,

९. शहर निर्माण, पुनर्निर्माण तथा सहरी पुनर्उत्थान (Urban Regeneration), नयाँ सहरी आयामहरु (New Urban Dimension-Urban Economic Corridor, Mega City, Smart City, Food Green City,

New Towns-Mid Hill and Tarai Madhesh, Cluster City Development ) को नीति तर्जुमा, कार्यान्वयन तथा समन्वय सम्बन्धी ।

१०. फोहोरमैला व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, समन्वय र सहजीकरण

११. फोहोरमैला व्यवस्थापन सम्बन्धी संघीय, प्रादेशिक तथा स्थानीय तहहरूबीच समन्वय र सहजीकरण

१२. फोहोरमैला व्यवस्थापन सम्बन्धी निजी तथा गैरसरकारी संघ संस्थाबिच समन्वय र सहजीकरण

१३. फोहोरमैलाको दीर्घकालीन व्यवस्थापनका लागि विशेष प्रयोजन उपकरण (Special Purpose Vehicle) सम्बन्धी अध्ययन अनुसन्धान

१४. फोहोरमैला वर्गीकरण छुट्याउने, सङ्कलन, ढुवानी तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, निर्देशिका

१५. ल्याण्डफिल्ड साइट सञ्चालन सम्बन्धी मापदण्ड, निर्देशिका

१६. एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्र डिजाइन तथा निर्माण सम्बन्धी प्राविधिक सहायता

१७. शाजन्य फोहोरमैला व्यवस्थापन केन्द्र डजाइन तथा निर्माण सम्बन्धी प्राविधिक सहायता

१८. उच्च प्रविधियुक्त फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण, व्यवस्थापन सम्बन्धी

१९. फोहोरमैला स्थानान्तरण केन्द्र (Transfer Station) तथा विसर्जन केन्द्रको लागि जग्गा प्राप्ति सम्बन्धी

२०. फोहोरमैला ढुवानी मार्गहरूको निर्माण तथा मर्मत सम्भार सम्बन्धी कार्यहरू

२१. फोहोरमैला सम्बन्धी अन्य कार्यहरू

## (आ) अन्तर प्रादेशिक शहरी विकास योजना समन्वय शाखा

१. अन्तर प्रादेशिक सहरी विकास योजनाको आवश्यकता पहिचान तथा आयोजनागत र पुरक लगानी (Matching Fund) सम्बन्धी,

२. सहरी भौतिक विकास योजना तर्जुमा, कार्यान्वयन, समन्वय, अनुगमन र मूल्याङ्कन सम्बन्धी,

३. उदीयमान शहर (Emerging Towns) लाई दिइने अनुदान, तिनको संस्थागत विकासका लागि नीति तर्जुमा, कार्यान्वयन तथा अनुगमन सम्बन्धी,

४. प्रदेश एवं स्थानीय तहहरुसंगको समन्वयमा फोहोरमैला व्यवस्थापन सम्वन्धी रणनैतिक कार्ययोजना तयार गर्ने, सोको डिजाइन, निर्माण सम्बन्धमा प्राविधिक सहयोग उपलब्ध गराउने सम्बन्धी,

५. सहरी विकासमा संलग्न संघ, प्रदेश, स्थानीय तह लगायतका सरकारी, विकास साझेदार, गैर सरकारी र निजी संस्था तथा निकायहरुबीच समन्वय सम्बन्धी,

६. नगर विकास कोष सम्बन्धी,

७. राष्ट्रिय लोकमार्ग तथा सहायक मार्ग वरिपरि विकास भईरहेका सहर र वस्तिको भौतिक विकास योजना तर्जुमा, अनुगमन, निरीक्षण, सुपरिवेक्षण सम्बन्धी,

८. गाउँ नगर अन्तरसम्बन्ध सम्बन्धी ।

### (इ) <u>सामाजिक समन्वय शाखा</u>

१. लैंगिक सामाजिक समावेशिकरणको नीति तर्जुमा सम्बन्धी,

२. लैंगिक सामाजिक समावेशिकरणबारे गैरसरकारी संस्थाहरुको परिचालन तथा अनुगमन सम्वन्धी,

३. मन्त्रालय र अन्तर्गतका निकायहरुसंग सम्बन्धित आवधिक एवं वार्षिक योजनामा भवन, आवास तथा योजना महाशाखासँग समन्वय गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम तर्जुमा, कार्यान्वन, मूल्याँकन सम्बन्धी,

४. लैंगिक र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुसँग सम्पर्क एवं समन्वय सम्बन्धी,

५. मन्त्रालय र अन्तर्गतका निकायहरुबाट सञ्चालन गरिने विकास निर्माण कार्यहरुमा जनसहभागिता प्रवर्द्धन सम्बन्धी ।

### ग) <u>योजना, भवन तथा आवास महाशाखा</u>

१. बसोबास र बस्ती विकास, लोपोन्मुख, सिमान्तकृत, गरिव, ज्येष्ठ नागरिक, सहरी विपन्न वर्ग तथा सहरी आवास विहीनको आवास व्यवस्थापन सम्बन्धी,

२. राष्ट्रिय भवन संहिता कार्यान्वयनको अनुगमन एवं मूल्यांकन सम्बन्धी,

३. आवासको हक कार्यान्वयन गर्न राष्ट्रिय आवास नीति तर्जुमा / परिमार्जन, कार्यान्वयन तथा नियमन सम्बन्धी,

४. सम्माननीयहरु, मन्त्रिपरिषद्का सदस्य, संवैधानिक अङ्गका प्रमुख आदिको आवास व्यवस्था सम्बन्धी,

५. स्मारक, भ्यू टावर, सम्मेलन केन्द्र, प्रदर्शनी केन्द्र प्लनिटोरियम जस्ता विशिष्ट प्रकृतिका सहरी संरचना सम्बन्धी,

६. भवन प्रविधी/ वैकल्पिक निर्माण प्रविधी सम्बन्धमा राष्ट्रिय रुपमा अनुसन्धान, अध्ययन, तालिम संचालन सम्बन्धी,

७. राष्ट्रिय सुरक्षित भवन निर्माण कार्ययोजना कार्यान्वयन र नियमन सम्बन्धी,

८. लोपोन्मुख, सिमान्तकृत, गरिब, जेष्ठ नागरिक तथा अन्य लक्षित वर्गलाई जलवायु अनुकुलित, वातावरण मैत्रि तथा बहुविपद प्रतिरोधात्मक आवास व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड तर्जुमा गरी नियमन सम्बन्धी,

९. कार्यान्वयनमा रहेका आयोजनाहरुको सामाजिक, आर्थिक तथा प्राविधिक दृष्टिकोणबाट अनुगमन, मूल्याङ्कन सम्बन्धी,

१०. संयुक्त आवास, सामूहिक आवास, वहुतल्ले आवास तथा जग्गा विकासको योजना तथा कार्यक्रम तर्जुमा र सरोकारवाला निकायसँग समन्वय सम्बन्धी,

११. आवास तथा भवनको प्राविधिक, आर्थिक, सामाजिक तथा वातावरणीय विषयहरुमा परामर्श उपलब्ध गराउने सम्बन्धी,

१२. संघीय सचिवालयको भवन तथा आवास व्यवस्थापन, संघीय सरकारी भवन र आवासको निर्माण, मर्मत सम्भार, रेखदेख र सुरक्षा सम्बन्धी,

१३. भवन तथा अन्य निर्माण सामग्रीको प्रविधि, अनुसन्धान तथा विकास सम्बन्धी संहिता र मापदण्डको तर्जुमा / परिमार्जन, अनुगमन, मूल्यांकन तथा नियमन सम्बन्धी,

१४. आवास तथा भवन क्षेत्रमा संलग्न सरकारी, गैर सरकारी र निजी संस्था तथा निकायहरुबीच समन्वय सम्बन्धी,

१५. अव्यवस्थित बसोवास सम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड तर्जुमा र नियमन गर्ने सम्बन्धी,

१६. राष्ट्रिय महत्वको आयोजनाबाट विस्थापितका लागि पूनर्वास सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा गरी तिनको कार्यान्वयन र नियमन सम्बन्धी,

१७. आवास तथा भवन आयोजनाको सम्बन्धमा मन्त्रालय तथा अन्तर्गतका निकायहरुसँग समन्वय तथा परामर्श सम्बन्धी ।

१८. मन्त्रालय र अन्तर्गतका विभिन्न विकास आयोजनाहरुको तर्जुमा, अनुगमन, मूल्याङ्कन, समन्वय सम्बन्धी,

१९. वार्षिक कार्यक्रम तर्जुमा र संशोधन सम्बन्धी,

२०. अन्तर्राष्ट्रिय सन्धी, अभिसन्धी, सम्झौता, समझदारी एवं प्रतिवद्धता कार्यान्वयन तथा प्रतिवेदन सम्बन्धी,

२१. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सस्थासँग गरिने लगानी प्रवर्द्धन, सम्झौता, सम्पर्क र समन्वय सम्बन्धी,

२२. वागमती एवं यसका सम्पूर्ण सहायक नदीहरुको तटवन्ध निर्माण, करिडोर निर्माण, ढल व्यवस्थापन, जल प्रवाह वृद्धि, सरसफाई तथा सौन्दर्यीकरण सम्बन्धी,

२३. मन्त्रालयसँग सम्बन्धित विषयहरुमा प्रारम्भिक वातावरणीय परिक्षण र वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी

## (अ) <u>भवन शाखा</u>

१. राष्ट्रिय भवन संहिताको परिमार्जन, सूचना प्रबाह, कार्यान्वयनको अनुगमन सम्बन्धी,

२. संघीय सरकारी भवन एवं निवासहरुको रेखदेख, सुरक्षा तथा तथ्याङ्क सम्बन्धी,

३. सरकारी भवनहरुको निर्माण तथा मर्मत सम्बन्धी,

४. भवन निर्माणको नीति, मापदण्ड तर्जुमा तथा कार्यान्वयन सम्बन्धी,

५. भवन निर्माण प्रविधि तथा भवन निर्माण सामग्रीहरुको अनुसन्धान, विकास सम्बन्धी,

६. भवन ऐन तथा नियमावलीको प्रभावकारी कार्यान्वयन सम्बन्धी,

७. भवन तथा अन्य निर्माण सामग्रीको प्रविधि, अनुसन्धान तथा विकास सम्बन्धी संहिता र मापदण्डको तर्जुमा / परिमार्जन, अनुगमन, मूल्यांकन तथा नियमन सम्बन्धी,

८. सभागृह, प्रदर्शनी केन्द्र, रंगशाला, अस्पताल, वसपार्क, भ्यू टावर लगायतका विशिष्ट प्रकृतिका सहरी भवन संरचनाहरुको योजना तर्जुमा, अनुगमन एवं मूल्यांकन सम्बन्धी ।

९. विपद् जोखिम न्यूनीकरणको नीति तर्जुमा तथा कार्यान्वयनको अनुगमन सम्बन्धी,
१०. विपद् प्रभावित परिवारको पुनःस्थापना सम्बन्धी नीति तर्जुमा र कार्यान्वयनको अनुगमन सम्बन्धी,
११. आवासजन्य विपद् जोखिम व्यवस्थापनबारे जनचेतना अभिवृद्धि सम्बन्धी,
१२. विपद् व्यवस्थापनका लागि अन्य सरोकारवाला निकायहरुसँग समन्वय सम्बन्धी,
१३. स्मारक, भ्यू टावर, सम्मेलन केन्द्र, प्रदर्शनी केन्द्र प्लनिटोरियम जस्ता विशिष्ट प्रकृतिका सहरी संरचना सम्बन्धी,
१४. भवन प्रविधी/ वैकल्पिक निर्माण प्रविधी सम्बन्धमा राष्ट्रिय रुपमा अनुसन्धान, अध्ययन, तालिम संचालन सम्बन्धी,
१५. राष्ट्रिय सुरक्षित भवन निर्माण कार्ययोजना कार्यान्वयन र नियमन सम्बन्धी,
१६. मन्त्रालयसँग सम्बन्धित विषयहरुमा प्रारम्भिक वातावरणीय परिक्षण र वातावरणीय प्रभावको मूल्यांकन सम्बन्धी ।

## (आ) आवास तथा विपद् व्यवस्थापन शाखा

१. राष्ट्रिय आवास सम्बन्धी नीति तर्जुमा तथा कार्यान्वयन सम्बन्धी,
२. सरकारी, गैरसरकारी तथा निजी क्षेत्रहरुबाट सञ्चालन गरिएका आवास सम्बन्धी आयोजनाबाट प्राप्त उपलब्धी, सेवास्तर (परिमाणात्मक तथा गुणात्मक) तथा अन्य व्यवस्थापकीय सूचनाहरुको सङ्कलन, विश्लेषण तथा पृष्ठपोषण सम्बन्धी,
३. आवासीय जग्गा विकासको नीति तर्जुमा एवं कार्यान्वयन पक्षको अनुगमन सम्बन्धी,
४. संयुक्त आवास, सामूहिक आवास, वहुतल्ले भवन र आवास तथा जग्गा विकास सम्बन्धी नीति तर्जुमा तथा कार्यान्वयन र अनुगमन सम्बन्धी,
५. आवास क्षेत्रमा नीजि क्षेत्रको भूमिका सम्बन्धमा नीति तर्जुमा तथा समन्वय सम्बन्धी,
६. आवास तथा भवन क्षेत्रमा संलग्न सरकारी, गैर सरकारी र निजी संस्था तथा निकायहरुबीच समन्वय सम्बन्धी,
७. अव्यवस्थित बसोवास सम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड तर्जुमा र नियमन गर्ने सम्बन्धी,
८. लोपोन्मुख, सीमान्तकृत, गरिव, ज्येष्ठ नागरिक, शहरी विपन्न तथा सहरी आवास विहिनका लागि आवास व्यवस्थापनको नीति, कानून र मापदण्ड तर्जुमा, कार्यान्वयन र अनुगमन सम्बन्धी,
९. अव्यवस्थित बसोवास सम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड तर्जुमा र नियमन गर्ने सम्बन्धी,
१०. राष्ट्रिय महत्वको आयोजनाबाट विस्थापितका लागि पूनर्वास सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा गरी तिनको कार्यान्वयन र नियमन सम्बन्धी ।
११. विपद् सम्वन्धी नीति एवम कार्यविधि निर्माण, समन्वय, सहजीकरण तथा सम्पर्क शाखाको रुपमा काम गर्ने ।

## (इ) योजना शाखा

१. मन्त्रालय र अन्तर्गतका निकायहरुको कार्यक्रम तर्जुमा, वार्षिक योजना, बजेट प्रक्षेपण र वजेट सिलिङ सम्बन्धी,

२. मन्त्रालय र अन्तर्गतका निकायहरुका आयोजनाको वार्षिक कार्यक्रम स्वीकृति / संशोधन सम्बन्धी,

३. मन्त्रालय अन्तर्गत संचालित विभिन्न विकास कार्यक्रमबीच समन्वय सम्बन्धी,

४. मन्त्रालय अन्तर्गत संचालन हुने कार्यक्रम तथा आयोजनाहरुको लागि जनशक्ति प्रक्षेपण एवं दक्षता अभिबृद्धि सम्बन्धी,

५. पञ्च वर्षीय योजना, कार्यक्रम तथा बजेट स्वीकृतिबारे सम्वन्धित निकायहरुसंग समन्वय सम्वन्धी

६. मन्त्रालयको सूचना सम्प्रेषण सम्बन्धी

७. राष्ट्रिय आयोजना बैंक, MTEF, LMBIS सम्वन्धी कार्यहरु

## (ई) अनुगमन तथा मूल्याङ्कन शाखा

१. मन्त्रालय र अन्तर्गतका आयोजनाहरुको मासिक, चौमासिक, अर्धवार्षिक र वार्षिक प्रगति प्रतिवेदन तयारी, अभिलेख र समीक्षा सम्वन्धी,

२. विकास आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कनका सूचक तयारी सम्बन्धी,

३. मन्त्रालय र अन्तर्गत संचालित आयोजनाहरुको अनुगमन एवं मूल्याङ्कन सम्बन्धी,

४. मन्त्रालय स्तरीय विकास समस्या समाधान समितिको वैठक र सो समक्ष पेश गर्ने सुझाव सम्वन्धी,

५. राष्ट्रिय विकास समस्या समाधान समिति र राष्ट्रिय योजना आयोगको केन्द्रीय अनुगमन तथा मूल्याङ्कन महाशाखा सम्वन्धी,

६. मन्त्रालय र अन्तर्गतका निकायहरुबाट भए गरेका कार्यहरुको प्रगति विवरण पुस्तिका प्रकाशन सम्वन्धी,

७. मन्त्रालय र अन्तगर्तबाट संचालित विभिन्न विकास आयोजनाहरुको आवधिक समीक्षा सम्वन्धी,

८. आयोजनाहरुको प्रभाव मूल्याङ्कन सम्वन्धी ।

## घ) स्थानीय पूर्वाधार विकास महाशाखा

१. पूर्वाधार विकास (सडक, सडकपुल एवम् झोलुङ्गेपुल लगायतका आधारभूत भौतिक पूर्वाधार, स्थानीय पूर्वाधार विकास तथा ग्रामीण पूर्वाधार तथा उपराष्ट्रिय पूर्वाधार आदि) सँग सम्बन्धित राष्ट्रिय नीति, प्रादेशिक नीति तथा स्थानीय नीति निर्माण गर्ने/गराउने,

२. प्रमुख राष्ट्रिय लोकमार्ग बाहेकका संघीय सरकारले कार्यान्वयन गर्ने रणनीतिक प्रकृतिका सडक तथा सडकपुल निर्माण, सम्पत्ति व्यवस्थापन एवम् सोसँग सम्बन्धित राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना र रूपान्तरणकारी आयोजनाहरू, राष्ट्रिय महत्वका वैकल्पिक यातायातका आयोजनाको पहिचान, नियमन, कार्यान्वयन, सहजीकरण सम्बन्धी कार्य,

३. क्षेत्रीय तथा प्रादेशिक सन्तुलन कायम हुने गरी सघन अन्तरआबद्धता विकास गर्नका लागि राष्ट्रिय लोकमार्गबाट प्रदेश राजधानी, जिल्ला सदरमुकाम जोड्ने मुख्य सडक, राष्ट्रिय लोकमार्गको वैकल्पिक

मार्गको रूपमा प्रयोग गर्न सकिने सडक, राष्ट्रिय सुरक्षाको हिसाबले महत्त्व बोकेका सडक, धार्मिक वा सांस्कृतिक हिसाबले रणनीतिक महत्त्व बोकेका ऐतिहासिक स्थल जोड्ने मूल सडक, पर्यटकीय दृष्टिकोणबाट रणनीतिक महत्त्व बोकेका मूल सडक, आर्थिक, कृषि उत्पादन, पर्यटकीय, औद्योगिक, खानी, जलविद्युत-गृह पहुँच, वा अन्य महत्वका स्थानहरूलाई जोड्ने सडक लगायत संघीय सरकारले कार्यान्वयन गर्ने सडक तथा सो सडकमा पर्ने पुल समेत निर्माण गर्ने/गराउने,

४. संघीय सरकारले कार्यान्वयन गर्ने राष्ट्रिय प्राथमिकता प्राप्त सार्वजनिक पूर्वाधारहरू, रूपान्तरणकारी योजनाहरूको आवश्यकता अनुरूप कार्यान्वयन गर्ने तथा सहयोग गर्ने,

५. राष्ट्रिय स्तर वा राष्ट्रिय महत्वका, एक भन्दा बढी प्रदेशमा कार्यान्वयन गर्नु पर्ने आयोजना, जटिल प्राविधिक क्षमता र ठुला लगानी आवश्यक पर्ने सडक, सडकपुल लगायत अन्य पूर्वाधार समेत नेपाल सरकारले तोके बमोजिम कार्यान्वयन गर्ने,

६. प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन गर्न नसकिने भनी पठाएका भौतिक पूर्वाधारहरूको निर्माण गर्ने,

७. राष्ट्रिय लोकमार्ग बाहेक सडकमा सडक सुरक्षा सम्बन्धी मापदण्ड, निर्देशिका तथा मार्गदर्शन तयार गरी लागु गर्न/गराउन सहयोग गर्ने,

८. अत्यधिक सवारी दुर्घटनाको जोखिमलाई न्यून गर्न सबै जिल्लाका जोखिमयुक्त सडकहरू पहिचान गरी सडक सुरक्षा उपाय अवलम्बन मार्फत सडक यातायातलाई सुरक्षित बनाउनका लागि आवश्यक सम्पूर्ण कार्यहरू गर्ने ।

९. स्थानीय पूर्वाधार विकास तथा एकीकृत योजनाबद्ध भौतिक पूर्वाधार विकासका कार्यक्रम कार्यान्वयन गर्ने/गराउने,

१०. यातायातको पहुँचमा अभिवृद्धि तथा सहज र सुरक्षित पहुँचका लागि बृहत् झोलुङ्गे पुल निर्माण गर्ने,

११. स्थानीय पूर्वाधार विकास तथा भौतिक पूर्वाधार विकाससँग सम्बन्धित विषयमा अध्ययन अनुसन्धान गर्ने/गराउने,

१२. प्रदेश तथा स्थानीय तहको भौतिक पूर्वाधार अवस्थाको एकीकृत तथ्याङ्कको आधारमा क्षेत्रीय तथा प्रादेशिक सन्तुलन हुने गरी पूर्वाधार योजना पहिचान, नियमन, कार्यान्वयन, सहजीकरण,

१३. प्रदेश एवम् स्थानीय तहलाई आवश्यक पर्ने प्राविधिक सहयोग सम्बन्धी कार्य गर्ने एवम् जनशक्तिको क्षमता विकासका लागि आवश्यक कार्य गर्ने/गराउने,

१४. फोहोरमैलाको दिगो व्यवस्थापनका लागि नीति, कानुन तथा मापदण्ड बमोजिमका पूर्वाधार निर्माणमा सहयोग तथा सहजीकरण,

१५. बृहत् लगानी आवश्यक पर्ने बहुउद्देश्यीय फोहोरमैला व्यवस्थापन तथा प्रशोधनका कार्यहरू,

१६. वातावरण, सामाजिक व्यवस्थापन, जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण लगायत कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याउन सहजीकरण तथा प्रचलित कानुन बमोजिम सो सम्बन्धी कार्यमा समन्वय,

१७. अन्तर्राष्ट्रिय सन्धि, अभिसन्धि, सम्झौता, समझदारी एवं प्रतिबद्धता कार्यान्वयन तथा प्रतिवेदन सम्बन्धी कार्य गर्ने,

१८. स्थानीय पूर्वाधार विकाससम्बन्धी नीति, कानुन, मापदण्ड, प्रविधि विकास र अनुसन्धान;

१९. रज्जूमार्ग, केबलकार सम्बन्धी नीति कानून र मापदण्ड,

२०. स्थानीय तहहरुमा केबलकार जस्तो वैकल्पिक यातायातसम्बन्धी राष्ट्रिय नीति, कानून, योजना तर्जुमा तथा मापदण्ड निर्धारण र नियमन गर्ने।

२१. स्थानीय तहमा निर्मित पूर्वाधारहरुको गुणस्तर परीक्षण गर्न/गराउन सहजीकरण गर्ने,

२२. प्रदेश तथा स्थानीय तहबाट सञ्चालित आयोजनाहरुमा हुने श्रम तथा रोजगारी श्रृजना र व्यवस्थापनमा नीतिगत एवं कार्यान्वयनमा सहजीकरण गर्ने,

२३. स्थानीय तहहरुमा सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुने पूर्वाधार विकास आयोजनाहरुको पहिचान, छनौट, सञ्चालन तथा व्यवस्थापनमा सहजीकरण गर्ने,

२४. स्थानीयस्तरमा सञ्चालन हुने आयोजना सञ्चालन गर्दा जनसहभागिता हुने, गरिबी निवारणमा सहयोग पुग्ने, स्थानीय स्रोत साधनको अधिकतम उपयोग हुने उत्पादनमूलक क्षेत्रलाई प्राथमिकीकरण गरी कार्यान्वयन गर्न सहजीकरण गर्ने,

२५. ग्रामीण पूर्वाधार विकासका लागि मानव संशाधन विकास योजना तयार गर्न सहयोग गर्ने गराउने,

२६. विकास साझेदारहरुलाई पूर्वाधार विकाससम्बद्ध आयोजना/कार्यक्रम सम्बन्धी नयाँ र आवश्यक क्षेत्रको पहिचान, विकास र कार्यान्वयनमा सहजीकरण गर्ने,

२७. स्थानीय तहहरुबीच विकासमा रहने तहगत अन्तर पहिचान गरी विकासको परिपूरणसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।

२८. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग गरिने लगानी प्रवर्द्धन, सम्झौता, सम्पर्क र समन्वय सम्बन्धी कार्य गर्ने,

२९. विकास साझेदारहरूको सहयोगमा सञ्चालन गरिने भौतिक पूर्वाधार विकास आयोजनाहरूको लागि समन्वय, सहजीकरण तथा कार्यान्वयन र सम्झौता बमोजिम नेपाल सरकारको दायित्व, जिम्मेवारी वहन गर्नुका साथसाथै वैदेशिक स्रोतलाई एकीकृत गरी प्रदेश तथा स्थानीय तहको विकास गर्ने तर्फ उन्मुख गर्ने/गराउने,

३०. विकास साझेदारहरूको सहयोगमा विभिन्न तहबाट हुने पूर्वाधार विकासमा समन्वय तथा सहजीकरण, कार्यान्वयनमा सहजीकरण तथा सम्झौता बमोजिम नेपाल सरकारको दायित्व, जिम्मेवारी वहन गर्ने/गराउने,

३१. विकास साझेदारहरूलाई पूर्वाधार विकास सम्बद्ध आयोजना/कार्यक्रम सम्बन्धी नयाँ र आवश्यक क्षेत्रको पहिचान, विकास र कार्यान्वयनमा सहजीकरण गर्ने,

३२. रूपान्तरणकारी योजनाको रूपमा रहेको स्थानीय तहको केन्द्रलाई नजिकको राष्ट्रिय राजमार्गसँग पक्की सडकले जोड्ने प्रादेशिक एवम् स्थानीय सडक निर्माण कार्यक्रम तथा ग्रामीण सडक सञ्जाल सुधार आयोजना जस्ता विकास साझेदारको सहयोगमा सञ्चालन हुने बृहत् प्रकृतिका कार्यक्रम कार्यान्वयन गर्ने/गराउने,

३३. वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम, सडक पूर्वाधार विकास कार्यक्रम, तराई मधेस सडक पूर्वाधार विकास कार्यक्रम, स्थानीय सडक पुल निर्माण कार्यक्रमहरू कार्यान्वयन गर्ने,

३४. विपद् पश्चात्को राष्ट्रिय स्तरको पुनर्स्थापना र पुनर्निर्माण सम्बन्धी कार्य गर्ने/गराउने,

३५. पूर्वाधार विकास सम्बन्धी वातावरणीय तथा सामाजिक व्यवस्थापन खाका (ESMF) नीति तर्जुमा/परिमार्जन गरी कार्यान्वयन गर्ने/गराउने,

३६. विपद् व्यवस्थापन कार्यका लागि आवश्यक भौतिक पूर्वाधार विकास सम्बन्धमा सरोकारवालाहरूसँग समन्वय गर्ने,

३७. पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, सञ्चालन र मर्मत सम्भार चरणमा Climate Change Adaptation र Diasaster Risk Resilience सम्बन्धी अवधारणासँग संगतीकरण (Align) गर्ने/गराउने,

३८. निर्माण सामग्री तथा निर्माण कार्यको गुणस्तर परीक्षण प्रयोगशालाको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्ने/गराउने,

३९. स्थानीय पूर्वाधार विकास विभागले गर्ने भौतिक पूर्वाधार विकास कार्यक्रम तथा वित्तीय हस्तान्तरण हुने आयोजनाका लागि आवश्यक कार्यक्रम र बजेट व्यवस्थापन तथा सो कार्यको अनुगमन, निरीक्षण तथा निर्देशन गर्ने,

४०. नेपाल सरकारले तोकेका अन्य कार्य गर्ने/गराउने ।

**(अ) <u>स्थानीय पूर्वाधार विकास शाखा</u>**

१. पूर्वाधार विकास (सडकपुल एवम् झोलुङ्गेपुल लगायतका आधारभूत भौतिक पूर्वाधार, ग्रामीण पूर्वाधार, प्रादेशिक तथा स्थानीय पूर्वाधार आदी) सँग सम्बन्धित राष्ट्रिय नीति, प्रादेशिक नीति तथा स्थानीय नीति निर्माण गर्ने/गराउने,

२. स्थानीय पूर्वाधार विकास तथा ग्रामीण एकीकृत पूर्वाधार विकासको राष्ट्रिय नीति, योजना तर्जुमामा सहयोग गर्ने,

३. क्षेत्रीय तथा प्रादेशिक सन्तुलन कायम हुने गरी आधारभूत भौतिक पूर्वाधारसँग सम्बन्धित राष्ट्रिय नीति, योजना तर्जुमामा सहयोग गर्ने,

४. नेपाल सरकारलाई प्रदेश तथा स्थानीय पूर्वाधार विकास सम्बन्धी नीति निर्माणमा सहयोग गर्ने,

५. प्रमुख राष्ट्रिय लोकमार्ग बाहेकका संघीय सरकारले कार्यान्वयन गर्ने रणनीतिक प्रकृतिका सडक तथा सडकपुल निर्माण गर्ने/गराउने,

६. क्षेत्रीय तथा प्रादेशिक सन्तुलन कायम हुने गरी सघन अन्तरआबद्धता विकास गर्नका लागि राष्ट्रिय लोकमार्गबाट प्रदेश राजधानी, जिल्ला सदरमुकाम जोड्ने मुख्य सडक, राष्ट्रिय लोकमार्गको वैकल्पिक मार्गको रूपमा प्रयोग गर्न सकिने सडक, राष्ट्रिय सुरक्षाको हिसाबले महत्त्व बोकेका सडक, धार्मिक वा सांस्कृतिक हिसाबले रणनीतिक महत्त्व बोकेका ऐतिहासिक स्थल जोड्ने मूल सडक, पर्यटकीय दृष्टिकोणबाट रणनीतिक महत्त्व बोकेका मूल सडक, आर्थिक, कृषि उत्पादन पर्यटकीय, औद्योगिक, खानी तथा जलविद्युत-गृह पहुँच, वा अन्य महत्वका स्थानहरूलाई जोड्ने सडक लगायत संघीय सरकारले कार्यान्वयन गर्ने सडक तथा सो सडकमा पर्ने पुल समेत निर्माण गर्ने/गराउने,

७. संघीय सरकारले कार्यान्वयन गर्ने राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरू, रूपान्तरणकारी आयोजनाहरूको आवश्यकता अनुरूप कार्यान्वयन गर्ने तथा सहयोग गर्ने,

८. यातायातको पहुँचमा अभिवृद्धि तथा सहज र सुरक्षित पहुँचका लागि बृहत् झोलुङ्गे पुल निर्माण गर्ने/गराउने,

९. स्थानीय पूर्वाधार विकास विभागले गर्ने पूर्वाधार विकासका लागि आवश्यक कार्यक्रम र बजेट व्यवस्थापन गर्ने र सो कार्यको मन्त्रालय स्तरबाट आवश्यक अनुगमन, निरीक्षण तथा निर्देशन गर्ने सम्बन्धी कार्य गर्ने,

१०. पूर्वाधार विकास (सडकपुल एवम् झोलुङ्गेपुल लगायतका आधारभूत भौतिक पूर्वाधार, ग्रामीण पूर्वाधार, प्रादेशिक तथा स्थानीय पूर्वाधार आदी) सँग सम्बन्धित विकासका लागि विभाग तथा मन्त्रालयका सम्बन्धित शाखाहरूबिच आवश्यक समन्वय तथा सहयोग गर्ने,

११. स्थानीय पूर्वाधार विकास नीतिको प्रभावकारी कार्यान्वयनको लागि नियमित रूपमा अनुगमन कार्य गर्ने,

१२. स्थानीय पूर्वाधार विकासका लागि उपयुक्त संस्थागत संरचनाको विकास एवं प्राविधिक क्षमता अभिवृद्धि गर्ने,

१३. ग्रामीण तथा पूर्वाधार विकास सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शैक्षिक तथा अनुसन्धानमूलक संस्थाहरूसँग समन्वय सम्बन्धी कार्य गर्ने,

१४. निर्माण सामग्री तथा निर्माण कार्यको गुणस्तर परीक्षण प्रयोगशालाको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्ने/गराउने,

१५. निर्मित सार्वजनिक सम्पत्तिको व्यवस्थापन योजना तर्जुमा गर्न तथा सोको लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने/गराउने,

१६. मन्त्रालयले तथा महाशाखाले तोकेका अन्य कार्य गर्ने/गराउने ।

१७. राष्ट्रिय स्तर वा राष्ट्रिय महत्वका, एक भन्दा बढी प्रदेशमा कार्यान्वयन गर्नु पर्ने आयोजना, जटिल प्राविधिक क्षमता र ठुला लगानी आवश्यक पर्ने सडक, सडकपुल लगायत अन्य पूर्वाधार समेत नेपाल सरकारले तोके बमोजिम कार्यान्वयन गर्ने,

१८. प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन गर्न नसकिने भनी पठाएका भौतिक पूर्वाधारहरूको निर्माण गर्ने,

१९. राष्ट्रिय लोकमार्ग बाहेक सडकमा सडक सुरक्षा सम्बन्धी मापदण्ड, निर्देशिका तथा मार्गदर्शन तयार गरी लागु गर्न/गराउन सहयोग गर्ने,

२०. अत्यधिक सवारी दुर्घटनाको जोखिमलाई न्यून गर्न सबै जिल्लाका जोखिमयुक्त सडकहरू पहिचान गरी सडक सुरक्षा उपाय अवलम्बन मार्फत सडक यातायातलाई सुरक्षित बनाउनका लागि आवश्यक सम्पूर्ण कार्यहरू गर्ने ।

२१. स्थानीय पूर्वाधार विकास तथा भौतिक पूर्वाधार विकाससँग सम्बन्धित विषयमा अध्ययन अनुसन्धान गर्ने/गराउने,

२२. प्रदेश तथा स्थानीय तहको भौतिक पूर्वाधार अवस्थाको एकीकृत तथ्याङ्कको आधारमा क्षेत्रीय तथा प्रादेशिक सन्तुलन हुने गरी पूर्वाधार योजना पहिचान, नियमन, कार्यान्वयन, सहजीकरण,

२३. प्रदेश एवम् स्थानीय तहलाई आवश्यक पर्ने प्राविधिक सहयोग सम्बन्धी कार्य गर्ने एवम् जनशक्तिको क्षमता विकासका लागि आवश्यक कार्य गर्ने/गराउने,

२४. रज्जूमार्ग, केबलकार सम्बन्धी नीति कानून र मापदण्ड,

२५. स्थानीय तहहरुमा केबलकार जस्तो वैकल्पिक यातायातसम्बन्धी राष्ट्रिय नीति, कानून, योजना तर्जुमा तथा मापदण्ड निर्धारण र नियमन गर्ने।

२६. स्थानीय तहमा निर्मित पूर्वाधारहरुको गुणस्तर परीक्षण गर्न/गराउन सहजीकरण गर्ने,

२७. रूपान्तरणकारी योजनाको रूपमा रहेको स्थानीय तहको केन्द्रलाई नजिकको राष्ट्रिय राजमार्गसँग पक्की सडकले जोड्ने प्रादेशिक एवम् स्थानीय सडक निर्माण कार्यक्रम तथा ग्रामीण सडक सञ्जाल सुधार

आयोजना जस्ता विकास साझेदारको सहयोगमा सञ्चालन हुने बृहत् प्रकृतिका कार्यक्रम कार्यान्वयन गर्ने/गराउने,

२८. वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम, सडक पूर्वाधार विकास कार्यक्रम, तराई मधेस सडक पूर्वाधार विकास कार्यक्रम, स्थानीय सडक पुल निर्माण कार्यक्रमहरू कार्यान्वयन गर्ने,

२९. विपद् पश्चात्को राष्ट्रिय स्तरको पुनर्स्थापना र पुनर्निर्माण सम्बन्धी कार्य गर्ने/गराउने,

३०. स्थानीय पूर्वाधार विकास विभागले गर्ने भौतिक पूर्वाधार विकास कार्यक्रम तथा वित्तीय हस्तान्तरण हुने आयोजनाका लागि आवश्यक कार्यक्रम र बजेट व्यवस्थापन तथा सो कार्यको अनुगमन, निरीक्षण तथा निर्देशन गर्ने ।

**(आ) <u>विकास सहायता समन्वय शाखा</u>**

१. राष्ट्रिय प्राथमिकता अनुसार विकास साझेदार निकायहरूबाट प्राप्त हुने सहायता परिचालनका लागि आवश्यक सहयोग तथा समन्वय गर्ने/गराउने,

२. शहरी विकास मन्त्रालय अन्तर्गत विकास साझेदारहरूको सहयोगमा सञ्चालन गरिने भौतिक पूर्वाधार विकास आयोजनाहरूको लागि समन्वय गर्ने र सम्झौता बमोजिम नेपाल सरकारको दायित्व जिम्मेवारी वहन गर्ने सम्बन्धी कार्य गर्ने तथा विकास साझेदारहरूबाट छरिएर प्रयोग भएको स्रोतलाई एकीकृत गरी प्रदेश तथा स्थानीय तहको विकास गर्ने तर्फ उन्मुख गर्ने/गराउने,

३. नेपाल सरकार तथा विकास साझेदार सशर्त अनुदानको रूपमा प्रदेश तथा स्थानीय स्तरमा सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरूका लागि समन्वय तथा सहजीकरण गर्ने/गराउने,

४. अन्तर्राष्ट्रिय सन्धि, अभिसन्धि, सम्झौता, समझदारी एवं प्रतिबद्धता कार्यान्वयन तथा प्रतिवेदन सम्बन्धी,

५. वैदेशिक सहयोगबाट सञ्चालन हुने आयोजनाहरूका सम्बन्धमा भएका सम्झौता तथा अभिलेख सम्बन्धी,

६. वैदेशिक सहयोगका लागि विकास साझेदारको पहिचान सम्बन्धी,

७. वैदेशिक सहयोग नीतिको अध्ययन, अनुसन्धान र विश्लेषण सम्बन्धी,

८. वैदेशिक सहयोग अन्तर्गत सञ्चालन हुने कार्यक्रम तथा आयोजना तर्जुमा सम्बन्धी,

९. अन्तर्राष्ट्रिय विकास साझेदारहरूसँग समन्वय सम्बन्धी,

१०. आयोजनामा आबद्ध विदेशीहरूको प्रवेशाज्ञा सम्बन्धी,

११. मन्त्रालय र अन्तर्गतका निकायहरूको वैदेशिक सहयोग सम्बन्धमा आइपर्ने अन्य कार्यहरू,

१२. मन्त्रालयले तथा महाशाखाले तोकेका अन्य कार्य गर्ने/गराउने ।

१३. विकास साझेदारहरुलाई पूर्वाधार विकाससम्बद्ध आयोजना/कार्यक्रम सम्बन्धी नयाँ र आवश्यक क्षेत्रको पहिचान, विकास र कार्यान्वयनमा सहजीकरण गर्ने,

१४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग गरिने लगानी प्रवर्द्धन, सम्झौता, सम्पर्क र समन्वय सम्बन्धी कार्य गर्ने,

१५. विकास साझेदारहरूको सहयोगमा सञ्चालन गरिने भौतिक पूर्वाधार विकास आयोजनाहरूको लागि समन्वय, सहजीकरण तथा कार्यान्वयन र सम्झौता बमोजिम नेपाल सरकारको दायित्व, जिम्मेवारी वहन गर्नुका साथसाथै वैदेशिक स्रोतलाई एकीकृत गरी प्रदेश तथा स्थानीय तहको विकास गर्ने तर्फ उन्मुख गर्ने/गराउने,

१६. विकास साझेदारहरूको सहयोगमा विभिन्न तहबाट हुने पूर्वाधार विकासमा समन्वय तथा सहजीकरण, कार्यान्वयनमा सहजीकरण तथा सम्झौता बमोजिम नेपाल सरकारको दायित्व, जिम्मेवारी वहन गर्ने/गराउने,

१७. विकास साझेदारहरूलाई पूर्वाधार विकास सम्बद्ध आयोजना/कार्यक्रम सम्बन्धी नयाँ र आवश्यक क्षेत्रको पहिचान, विकास र कार्यान्वयनमा सहजीकरण गर्ने,

**(इ) <u>वातावरण शाखा</u>**

१. अन्तरप्रदेशीय भौतिक पूर्वाधार निर्माणमा आवश्यक सहयोग तथा सहजीकरण गर्ने/गराउने,

२. प्रदेश एवम् स्थानीय तहहरूको भौतिक पूर्वाधार विकासका लागि आवश्यक सहयोग गर्ने/गराउने व्यवस्था मिलाउने,

३. प्रदेश एवम् स्थानीय तहहरूको भौतिक पूर्वाधार विकासका अन्य देशले हासिल गरेको ज्ञान अनुभव आदान-प्रदानको लागि आवश्यक सहयोग गर्ने/गराउने व्यवस्था मिलाउने,

४. स्थानीय पूर्वाधार विकास तथा एकीकृत भौतिक पूर्वाधार विकासका लागि स्थानीय तहहरूलाई आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने,

५. वातावरण, जलवायु परिवर्तन, उत्थानशील पूर्वाधार विकास, विपद् जोखिम न्यूनीकरण सम्बन्धमा क्षेत्रगत अवधारणामा आधारित (SWAP) पूर्वाधार सम्बन्धी कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याउन सहजीकरण गर्ने,

६. पूर्वाधार विकास सम्बन्धी वातावरणीय तथा सामाजिक व्यवस्थापन खाका (ESMF) नीति तर्जुमा/परिमार्जन गरी कार्यान्वयन गर्ने/गराउने,

७. विपद् व्यवस्थापन कार्यका लागि आवश्यक भौतिक पूर्वाधार विकास सम्बन्धमा सरोकारवालाहरूसँग समन्वय गर्ने,

८. पूर्वाधार विकास सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, सञ्चालन र मर्मत सम्भार चरणमा Climate Change Adaptation र Disaster Risk Resilience सम्बन्धी अवधारणासँग संगतीकरण (Align) गर्ने/गराउने,

९. पूर्वाधार विकासका लागि प्रारम्भिक वातावरणीय अध्ययन तथा वातावरणीय प्रभाव मूल्याङ्कनका लागि विभागसँगको समन्वयमा ज्ञान सीप प्रदान (Knowledge Dissimination) गरी सबलीकरण, सहजीकरण एवम् प्रवर्धन गर्ने/गराउने,

१०. शहरी विकास मन्त्रालय अन्तर्गत कार्यान्वयन हुने योजना/आयोजना/कार्यक्रमको प्रचलित कानुन बमोजिम वातावरणीय अध्ययन सम्बन्धमा कार्य गर्ने/गराउने,

११. फोहोरमैलाको दिगो व्यवस्थापनका लागि नीत, कानुन तथा मापदण्ड तयार गर्न सहयोग तथा सहजीकरण गर्ने,

१२. फोहोरमैला व्यवस्थापन सम्बन्धमा मौजुदा नीति तथा कानुन परिमार्जन गर्न सहयोग तथा सहजीकरण गर्ने,

१३. फोहोरमैला व्यवस्थापन तथा आवश्यक भौतिक संरचना निर्माणको कार्यमा सहयोग गर्ने/गराउने,

१४. बृहत् लगानी आवश्यक पर्ने बहुउद्देश्यीय फोहोरमैला व्यवस्थापन तथा प्रशोधनका कार्यहरू,

१५. भौतिक पूर्वाधार विकाससँग सम्बन्धित राष्ट्रिय, प्रादेशिक, स्थानीय लगायतका अन्य नीति निर्माण गर्न मन्त्रालय तथा सरोकारवाला निकायहरूलाई प्राविधिक प्रस्ताव तथा सुझाव तयार गरी सहयोग गर्ने,

१६. भौतिक पूर्वाधार सम्बन्धी कार्यको आर्थिक र वित्तीय विश्लेषण, लाभ लागत विश्लेषण, भ्यालु इन्जिनियरिङ सम्बन्धी कार्य गर्ने/गराउने,

१७. शहरी विकास मन्त्रालयलाई विविध नीति, कानुन, कार्यविधि तर्जुमा गर्न राय परामर्श प्रदान गर्ने/गराउने,

१८. मन्त्रालयले तथा महाशाखाले तोकेका अन्य कार्य गर्ने/गराउने ।

१९. प्रदेश तथा स्थानीय तहबाट सञ्चालित आयोजनाहरुमा हुने श्रम तथा रोजगारी श्रृजना र व्यवस्थापनमा नीतिगत एवं कार्यान्वयनमा सहजीकरण गर्ने,

२०. स्थानीय तहहरुमा सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुने पूर्वाधार विकास आयोजनाहरुको पहिचान, छनौट, सञ्चालन तथा व्यवस्थापनमा सहजीकरण गर्ने,

२१. स्थानीयस्तरमा सञ्चालन हुने आयोजना सञ्चालन गर्दा जनसहभागिता हुने, गरिबी निवारणमा सहयोग पुग्ने, स्थानीय स्रोत साधनको अधिकतम उपयोग हुने उत्पादनमूलक क्षेत्रलाई प्राथमिकीकरण गरी कार्यान्वयन गर्न सहजीकरण गर्ने,

२२. ग्रामीण पूर्वाधार विकासका लागि मानव संशाधन विकास योजना तयार गर्न सहयोग गर्ने गराउने,


२३. स्थानीय तहहरुबीच विकासमा रहने तहगत अन्तर पहिचान गरी विकासको परिपूरणसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।

२४. पूर्वाधार विकास सम्बन्धी वातावरणीय तथा सामाजिक व्यवस्थापन खाका (ESMF) नीति तर्जुमा/परिमार्जन गरी कार्यान्वयन गर्ने/गराउने,

२५. निर्माण सामग्री तथा निर्माण कार्यको गुणस्तर परीक्षण प्रयोगशालाको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्ने/गराउने,

## नेपाल सरकार

## शहरी विकास मन्त्रालय र अन्तर्गतको सङ्गठनात्मक ढाँचा



५. सेवा प्रदान गर्ने निकायको महाशाखा/शाखा र जिम्मेवार अधिकारी

| क्र.सं. | महाशाखा | पद | जिमेम्वार अधिकारी |
|---|---|---|---|
| १. | **प्रशासन महाशाखा** | सहसचिव | श्री नारायण प्रसाद मैनाली |
| क. | कर्मचारी प्रशासन शाखा | उपसचिव | श्री बैकुण्ठ उपाध्याय |
| ख. | आन्तरिक व्यवस्थापन तथा सुशासन प्रवर्द्धन शाखा | उपसचिव | श्री इन्दिरा थापा |
| ग. | आर्थिक प्रशासन शाखा | उपसचिव | श्री हिरा न्यौपाने |
| घ. | कानुन तथा फैसला कार्यान्वयन शाखा | उपसचिव | श्री लक्ष्मी शर्मा |
| | | | |
| २. | **शहरी विकास महाशाखा** | सहसचिव | श्री नवराज प्याकुरेल |
| क. | शहरी पुर्वाधार तथा फोहोरमैला व्यवस्थापन शाखा | सि.डि.इ | श्री महेश बहादुर सिंह |
| ख. | अन्तर प्रादेशिक शहरी विकास योजना समन्वय शाखा | सि.डि.इ | |
| ग. | सामाजिक समन्वय शाखा | वरिष्ठ समाजशास्त्री | |
| ३. | **योजना, भवन तथा आवास महाशाखा** | सहसचिव | श्री दिलीप भण्डारी |
| क. | भवन शाखा | सि.डि.इ | |
| ख. | आवास तथा विपद् व्यवस्थापन शाखा | सि.डि.इ | |
| ग. | योजना तथा विकास सहायता समन्वय शाखा | सि.डि.इ | श्री मोहदत्त भट्ट |
| घ. | अनुगमन तथा मुल्यांकन शाखा | सि.डि.इ | |
| | | | |
| ४. | **स्थानीय पूर्वाधार विकास महाशाखा** | सहसचिव | श्री गणेश राज वस्ती |
| क. | स्थानीय पूर्वाधार विकास शाखा | सि.डि.इ | श्री निरुपम मिश्र |
| ख. | वातावरण शाखा | सि.डि.इ | श्री निरोज दाहाल |
| ग | विकास सहायता समन्वय शाखा | सि.डि.इ | |

## ६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि

प्रचलित कानुन बमोजिम ।

## ७. निणर्य गर्ने प्रक्रिया र अधिकारः

मन्त्रालयको शाखाबाट महाशाखामा पेश भई कार्यको प्रकृति अनुसार श्रीमान् सचिवज्यू वा माननीय मन्त्रीज्यूबाट निर्णय हुने ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

आन्तरिक व्यवस्थापन तथा सुशासन प्रवर्द्धन शाखाका उपसचिव श्री इन्दिरा थापालाई गुनासो व्यवस्थापन अधिकारी तोकिएको । निर्णयको तह तथा प्रकृति अनुसार उजुरी सुन्ने अधिकारी रहने हुँदा गुनासो व्यवस्थापन अधिकारीबाट आवश्यक समन्वय एवं सहजीकरण हुने ।

## ९. यस अवधिमा सम्पादन गरेको कामको विवरण

शहरी विकास मन्त्रालयले मातहत विभाग/आयोजना/समिति लगायतका निकायहरुबाट शहरी विकास, भवन, आवास र स्थानीय पूर्वाधार सम्बन्धित आवधिक/बार्षिक बजेट कार्यक्रमहरु सम्पादन गर्ने/गराउने गर्दछ । ती निकायहरुबाट संचालित योजना/कार्यक्रमहरु सम्बन्धित सूचनाको विस्तृत विवरण तत् तत् निकायबाट प्रकाशन हुने गर्दछ।

शहरी विकास मन्त्रालयबाट यस अवधिमा सम्पादन भएका मुख्य-मुख्य कामको विवरण निम्नानुसार रहेको छ ।

- २०८२ भाद्र २३ र २४ गतेको आन्दोलनबाट क्षतिग्रस्त सरकारी तथा सार्वजनिक भवन संरचनाहरुको शीघ्र मूल्यांकन (Rapid Visual Assessment) को कार्य सम्पन्न गरी क्षतिग्रस्त भवनहरुलाई सामान्य, आंशिक र पूर्ण क्षति गरी तीन किसिमले वर्गीकरण गरिएको । यसमा सामान्य क्षति भएका भवन संरचनाहरुको तत्काल मर्मत गरी उपयोगमा ल्याइएको। आंशिक र पूर्ण क्षति भएका भवन संरचनाहरुको प्राविधिक अध्ययन कार्य अघि बढाइएको ।
- २०८२ भाद्र २३ र २४ गतेको आन्दोलनबाट क्षतिग्रस्त भवन र अन्य संरचनाको पुनर्निर्माण समेतको कार्यको लागि भौतिक पूर्वाधार पुनर्निर्माण कोष स्थापना गरिएको । सो कोषमा रकम जम्मा भैरहेको ।यस कोषमा सहयोगको लागि सार्वजनिक रुपमा सबै पक्षलाई आव्हान गरिएको।
- त्रिभुवन विश्वविद्यालय परिसरमा निर्माण तथा विकास भैरहेको अन्तराष्ट्रियस्तरको सुविधा सम्पन्न क्रिकेट रंगशालाको गुरुयोजनाको स्वीकृति नेपाल सरकार, मन्त्रिपरिषदबाट भई सो आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण समेत गरिएको ।उक्त आयोजनालाई शीघ्र अघि बढाउनको लागि आवश्यक प्रक्रियागत सरलता सम्बन्धी निर्णयहरु समेत भएको ।
- त्रिभुवन विश्विवद्यालय क्रिकेट रंगशालालाई सुविधासम्पन्न बनाउन उद्देश्यले पहिलो चरणको निर्माणकार्य अन्तर्गत १० हजार दर्शक क्षमताको प्यारापिट निर्माण तथा ६ वटा फ्लडलाइट जडानको कार्यमा अन्तिम चरणमा पुगेको, छिट्टै शुरु हुन लागेको नेपाल प्रिमियर लिगका खेलहरु सोही मैदानमा खेलाउने लक्ष्यसहित बाँकी निर्माणकार्य तदारुकताका साथ सम्पन्न गर्न उच्चस्तरबाट समेत नियमित अनुगमन गरिएको ।

- ❖ नगर विकास कोष सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८२ को अवधारणपत्र र शहरी विकास सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८२ को अवधारणलाई अन्तिम रुप दिइएको । उल्लिखित दुवै कानूनलाई संशोधन गर्ने विधेयक तर्जुमाको लागि नेपाल सरकार मन्त्रिपरिषदबाट सैद्धान्तिक स्वीकृति प्राप्त गरिएको।
- ❖ स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ स्वीकृत गरिएको ।
- ❖ श्री स्थानीय पूर्वाधार विकास विभाग मार्फत् सञ्चालित साना सिँचाई आयोजना डिजाइनको अवधारणापत्र तयार गरिएको ।
- ❖ National Guidelines for Desing of Bamboo structures को मस्यौदा तयार भई स्वीकृतिको प्रकृयामा अघि बढाइएको ।
- ❖ भवन निर्माण कार्यविधि (BCWP) को मस्यौदा तयार गरिएको ।
- ❖ राष्ट्रिय भवन संहिता NBC 105:2020 को संशोधनको लागि मस्यौदा तयार भई स्वीकृतिको प्रकृयामा अघि बढाइएको ।
- ❖ फोहोरमैला व्यवस्थापन विधेयक, २०८२ को मस्यौदा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पेश भएको ।
- ❖ बागमती सुधार कार्ययोजना २०८२-२१०२ को स्वीकृतिको लागि कार्य भैरहेको ।
- ❖ बस्ती विकास नीति तर्जुमाको लागि तथ्याङ्क र सुझाव संकलनको कार्य भइरहेको ।

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पदः

निकाय प्रमुख: श्री गोपाल प्रसाद सिग्देल, नेपाल सरकारको सचिव
सूचना अधिकारी: श्री मोहदत्त भट्ट, सिनियर डिभिजनल इन्जिनियर

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः

- काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५
- नगर विकास ऐन, २०४५
- नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५
- भवन ऐन, २०५५
- काठमाडौं उपत्यका विकास प्राधिकरण नियमावली, २०६८
- नगर निर्माण योजना कार्यान्वयन नियमावली, २०३२
- नगर विकास कोष नियमावली, २०५४
- भूकम्पबाट पूर्णरुपमा क्षति भएका आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि २०७२
- सरुवा सम्बन्धी मापदण्ड, २०७२
- विपद् पीडित पुनर्वास सञ्चालन कार्यविधि, २०७१
- राष्ट्रिय आवास योजना, २०७१

- भवन निर्माणको नमूना मापदण्ड, २०७१
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्गदर्शन, २०७०
- उद्यान विकास तथा व्यवस्थापन कार्यविधि, २०७५
- जनता आवास कार्यक्रम कार्यान्वयन नमुना कार्यविधि, २०७५
- जोखिमयुक्त वस्ती स्थानान्तरण तथा एकीकृत वस्ती विकास सम्बन्धी कार्यविधि, २०७५
- सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५
- आन्तरिक नियन्त्रण निर्देशिका, २०७३
- विपद प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१
- बस्ती विकास, सहरी योजना तथा भवन निर्माण संम्बन्धी आधारभूत निर्माण (संशोधनसहित) मापदण्ड, २०७३

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरणः

**वित्तीय प्रगति**

**आम्दानी** रकम रु.हजारमा

| चालु आ.व.को राजस्व | पहिलो त्रैमासिक राजस्व | कैफियत |
|---|---|---|
| ३१८८२.९३ | ३१८८२.९३ | |

**विनियोजन तथा खर्च**

| विवरण | बार्षिक बजेट | पहिलो त्रैमासिक खर्च | पहिलो त्रैमासिक खर्च प्रतिशत |
|---|---|---|---|
| चालु खर्च | १४१३०० | १८९५८.४८ | १३.४१ |
| पूँजिगत खर्च | ७५०० | ० | |
| जम्मा | १४८८०० | १८९५८.४८ | |

## १३. तोकिए बमोजिमका अन्य विवरणः

रकम रु. हजारमा

| बेरुजु बर्गिकरण | बेरुजु रकम | फछ्यौंट भएको | फछ्यौंट प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| पेश्की | ३४४९०८०.२४ | ८३८४६.०० | | |
| अनियमित | ५८९२४२२.७० | १६८००.४० | | |
| असुल | १५६६२१०.६१ | १२०३१.४० | | |
| अन्य | ६६४८३६.५४ | | | |
| जम्मा | ११५७२५५०.०९ | ११२६७७.८० | ०.९७ | |

## १४. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरणः

विस्तृत विवरण गत आर्थिक वर्षको सूचनामा भएको एवं यस मन्त्रालय मातहत निकायबाट सम्पादित कार्यहरु सोही निकायबाट प्रकाशन हुने ।

**समष्टिगत रुपमा आर्थिक वर्ष २०८१/८२ मा हासिल गरेका मुख्य-मुख्य उपलब्धीहरु देहाय बमोजिम रहेका छन् ।**

नीतिगत/कानुनी उपलब्धि:-

- राष्ट्रिय शहरी नीति,२०८१ नेपाल सरकार (म.प.) बाट स्वीकृत भइ कार्यान्वयनमा रहेको।
- विशिष्ट संरचना तथा सम्मेलन केन्द्र सञ्चालन तथा व्यवस्थापन (विकास समिति) गठन आदेश, २०८१ नेपाल सरकार (म.प.) बाट स्वीकृत भइ कार्यान्वयनमा रहेको।
- नेपाल स्मार्ट शहर सम्बन्धि सूचकहरु २०८१ नेपाल सरकार (म.प.) बाट स्वीकृत भइ कार्यान्वयनमा रहेको।
- डुम्रे भन्सार जग्गा एकीकरण आयोजना र मासटार जग्गा एकीकरण आयोजनाको अवधारणा योजना स्वीकृत तथा नेपाल सरकार (म.प.) बाट जग्गा प्राप्तिको निर्णय भइ कार्यान्वयनमा रहेको।
- वागमती सभ्यता संरक्षण तथा विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा भइ छलफलको क्रममा ।
- शहरी विकास सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको मस्यौदा उपर छलफल हुँदै, वेवसाइटमा सरोकारवाला को राय/प्रतिक्रियाको लागि राखिएको

**संस्थागत उपलब्धि:-**

- नेपाल सरकार (मं.प.) को मिति २०७४।१२।१४ को निर्णयानुसार पुर्नगठन पछि यस मन्त्रालयले सहरी विकास, आवास, भवन निर्माण सम्बन्धी कार्यहरु गर्ने जिम्मेवारी पाएकोमा मिति २०७९।०४।१९ मा नेपाल सरकार (मं.प.) को निर्णय पश्चात् यस मन्त्रालयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गतको स्थानीय पूर्वाधार विभागको समेत जिम्मेवारी प्राप्त भएको एवं नेपाल सरकार (मन्त्रिपरिषद्) को

मिति २०८१/६/२१ को निर्णयबाट नयाँ संगठन संरचना र दरवन्दी तेरीज स्विकृत भई कार्यान्वयनमा आएको

- जाजरकोट र रूकुम पूर्वको भुकम्पबाट क्षतिग्रस्त सरकारी भवन तथा स्वास्थ्य संस्थाका भवन पुनर्निर्माण कार्यका लागि आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास) स्थापना भइ पुननिर्माणको कार्य शुरुवात भएको।

**कार्यक्रमगत उपलब्धि:-**

- मिति २०८१/६/३ गते संविधान दिवसको दिनबाट धरहरा संचालनमा ल्याई परिक्षणको लागि धरहरा, बेसमेन्ट पार्किङ्ग र बगैंचा सर्वसाधारणको लागि खुल्ला गरिएको ।
- दमक व्यापारिक कम्प्लेक्सको निर्माणकार्य सम्पन्न भएको ।
- चितवन सौराहा सभाहलको भवन निर्माण कार्य सम्पन्न भएको ।
- थापाथली स्थित नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय भवनको पुनर्निर्माण कार्य सम्पन्न गरी हस्तान्तरण भएको ।
- चण्डीदल गणका लागि भवन निर्माण कार्य सम्पन्न भएको।
- पहुँच सुधारका लागि रणनीतिक रूपमा महत्वपूर्ण रहेको नेपालको सबैभन्दा लामो त्रिवेणी सुस्ता बहुत्तरी झोलुङ्गेपुल सम्माननीय राष्ट्रपतिज्यूबाट समुदघाटन भएको ।
- अन्तर्राष्ट्रियस्तरको त्रि.वि क्रिकेट स्टेडियम अन्तर्गत प्यारापेट र फ्लडलाईट निर्माण कार्य द्रुत गतिमा अघि बढाइएको ।
- नवलपुर सदरमुकाममा संघीय सरकारी कार्यालय भवन निर्माण एवं सम्बन्धित अन्य पूर्वाधार निर्माण कार्यको खरिद कार्यको सम्झौता भइ कार्य शुरु भएको साथै श्रीमहल भवन निर्माणको खरिद प्रकिया प्रारम्भ भएको ।
- सुरक्षित नागरिक आवास अन्तर्गत आर्थिक वर्षको अन्त्यसम्म निर्माण सम्पन्न भएको संख्या : ९२,९८८ रहेको ।
- क्षेत्रिय शहरी विकास आयोजना अन्तर्गत हालसम्म २ फोहोरमैला व्यवस्थापन केन्द्रको निर्माण सम्पन्न भएको र १ केन्द्रको निर्माण कार्य भैरहेको ।
- शवदाह निर्माण अन्तर्गत १ वटा सवदाहको निर्माण कार्य सम्पन्न; थप ३ वटाको निर्माण भैरहेको ।
- जाजरकोट र रूकुम पूर्वको भुकम्पबाट क्षतिग्रस्त सरकारी भवन तथा स्वास्थ्य संस्थाका भवन पुनर्निर्माण कार्य अन्तर्गत २३ वटा भवनको ठेक्का प्रक्रिया प्रारम्भ भएकोमा १७ वटा भवनको ठेक्का सम्झौता भइ निर्माण कार्य भैरहेको ।

- काठमाडौं उपत्यका विकास प्राधिकरण अन्तर्गत यस वर्ष थप ५ वटा जग्गा विकास कार्यक्रम र २ वटा अपार्टमेन्टको लागि अनुमति प्रदान गरिएको ।
- ❖ सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालनबाट आ.व २०८१/८२ मा थप १०२८७ घरको जस्तापाता प्रतिस्थापन भएको
- ❖ काठमाडौं स्थित सिंहदरवारमा संघीय संसद भवन निर्माण गर्ने कार्य को भौतिक प्रगति ८६.५%, सिंहदरबार स्थित संघीय संसद भवनको Interior, Conferencing तथा Security System जडान गर्ने कार्यको भौतिक प्रगति करिब ३०% भएको ।
- ❖ २७८ वटा झोलुङ्गे पुलहरुको निर्माण कार्य सम्पन्न, २२ वटा सडक पूलहरुको निर्माण कार्य सम्पन्न भएको ।
- ❖ आ.व २०८१/८२मा देशभर विभिन्न प्रदेश अन्तर्गत थप २५०.७ कि.मि. सडक निर्माण सम्पन्न भएको
- ❖ शहरी उत्थानशिलता तथा जीवनयापन सुधार आयोजना अन्तर्गतको विभिन्न ७ वटा नगरपालिकाहरुमा (पोखरा, जनकपुर, देवदह, सिद्धार्थनगर, तिलोत्तमा, सैनामैना र लुम्बिनि साँस्कृतिक) विभिन्न शहरी पूर्वाधार निर्माण गर्न ठेक्का बन्दोबस्त भएको
- ❖ देशभरका विभिन्न प्रदेशहरुमा आ.व. ८१/८२ वस्ती विकास कार्यक्रम अन्तर्गत व्यवस्थित वस्तीको लागि करिब ४५५ कि.मि. सडक निर्माण तथा स्तरोन्नति कार्य सम्पन्न भएको
- ❖ मध्य पहाडी लोकमार्ग आसपासका विभिन्न ११ नयाँ शहरहरुमा शहरी पूर्वाधार निर्माण कार्यमा खुर्कोट जग्गा एकिकरणको नयाँ चरणको निर्माण कार्य भैरहेको र चौरजहारी जग्गा एकिकरणको पूर्वाधारको निर्माण कार्य सम्पन्न, पाटन नयाँ शहरमा ल्याण्डफिल साइट जाने पहुँच मार्गको निर्माण कार्य सम्पन्न भएको।

## १५. सार्वजनिक निकायको बेभसाईट भए सो को विवरण:

www.moud.gov.np

## १६. वैदेशिक सहायता, ऋण, अनुदान एंव प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः

वैदेशिक सहायता संलग्न आयोजनाहरुको स्रोत विवरण-२०८२/८३ (रु. हजारमा)

| बजेट उपशीर्षक | श्रोत | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | यु एस एड | ए डि वि | | | भारत | साउदी कोष | आइ डि ए/डि पि सि-ग्रेड | आई डि ए | | |
| | सोझै भुक्तानी अनुदान | सोझै भुक्तानी ऋण | शोधभर्ना हुने ऋण | सोधभर्ना हुने अनुदान | शोधभर्ना हुने अनुदान | शोधभर्ना हुने ऋण | नगद ऋण | सोझै भुक्तानी ऋण | शोधभर्ना हुने ऋण | |
| ३४७००१०१ बागमती सुधार आयोजना | | २२५१६०० | | | | | | | | २२५१६०० |
| ३४७०१०११ शहरी विकास तथा भवन निर्माण बिभाग | | | | | २२१४००१ | ५९५०० | | | | २२७३५०१ |
| ३४७०११०८ शहरी शासकीय क्षमता विकास कार्यक्रम | | | | | | | | ६६००० | २२८८०० | २९४८०० |
| ३४७०११११ क्षेत्रीय शहरी विकास कार्यक्रम | | १५००० | ११४०३८८ | | | | | | | ११५५३८८ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३४७०१११९ शहरी उत्थानशिलता तथा जिवनयापन सुधार आयोजना | | | १५३१०७ | १०००० | | | | | | १६३१०७ |
| ३४७०२१०८ ग्रमिण सडक संजाल सुधार आयोजना -ए एफ | | | ५३०३०१ | | | | | | | ५३०३०१ |
| ३४७०२११२ प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम | | ३००० | | | | | | | ९७३०० | १०३०० |

बस्ती विकास कार्यक्रमः चीन बजेट सपोर्ट २७४९८००
एडिवि/पिविएल ३६४०४००
एडिवि/पिविएल-पिएएम ५८३१४००
आईडिए/डिपिसि-एसआइसिआई ३४९९९००
आई एमएफ/ईसिएफ ११२०००००

## १७. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयवधि

नभएको

## १८. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवदेन र सो उपर सूचना दिएको विवरण:

| क्र.सं. | सूचना माग गर्ने व्यक्ति/संस्था | सूचना मागको विषय/प्रयोजन | माग गरिएको मिति | सूचना दिएको विवरण | मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विष्णु प्रसाद पाण्डे, कुलेश्वर, काठमाडौं १४ | सूचनाको हक सम्वन्धमा | २०८१/४/०२ | माग भए बमोजिम विवरण उपलब्ध गराइएको । | २०८०/४/०७ | |
| २ | हरिनायाण श्रेष्ठ, का.म.न.पा. ९ | सूचना उपलब्ध गराउने बारे । | २०८१/४/२७ | माग भए बमोजिम विवरण उपलब्ध गराइएको । | २०८०/५/१७ | |
| ३ | सुनिता श्रेष्ठ, राजु श्रेष्ठ ग्रान्ड अपार्टमेन्ट वार्ड नं. ४ धुम्बाराही | अध्ययन एवं जानकारी प्रयोजनका लागि सूचना उपलब्ध गराउने सम्बन्धमा । | २०८१/४/३२, २०८१/५/१६ | माग भए बमोजिम सूचना उपलब्ध गराइएको । | २०८०/५/२८ | |
| ४ | दुर्गा प्रसाद दुलाल, रातोपाटी | अध्ययन प्रयोजनका लागि सुचना तथा विवरण उपलब्ध गराइ पाउँ । | २०८१/५/३० | माग भए बमोजिम सूचना उपलब्ध गराइएको । | २०८०/६/०२ | |
| ५ | अधिवक्ता दिपक विक्रम मिश्र | सूचना उपलब्ध गराइ पाउँ | २०८१/०७/०१ | माग भए बमोजिम सूचना उपलब्ध गराइएको । | २०८१/०७/१२ | |
| ६ | सागर जोशी | फोहोर व्यवस्थापन बारे सूचना माग । | २०८१/७/०२ | माग भए बमोजिमको सूचना उपलब्ध गराइएको । | २०८१/०७/०७ | |
| ७ | विष्णु प्रसाद देवकोटा | सूचना तथा विवरणको प्रमाणित प्रतिलिपि पाउँ भन्ने बारे । | २०८१/७/२१ | माग भए बमोजिम विवरण उपलब्ध गराइएको । | २०८१/८/०४ | |
| ८ | विष्णु प्रसाद देवकोटा | सूचना तथा विवरणको प्रमाणित प्रतिलिपि पाउँ भन्ने बारे । | २०८१/०८/०६ | माग भए बमोजिम विवरण उपलब्ध गराइएको । | २०८१/८/१८ | |
| ९ | हरि नारायण श्रेष्ठ | सूचना उपलब्ध गराउने बारे । | २०८१/०८/२६ | माग भए बमोजिम विवरण उपलब्ध गराइएको । | २०८१/०९/०२ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | माननीय डा. तोसिमा कार्की | बजेट परेका आयोजनाको हाल सम्मको कार्यविवरण बारे । | २०८१/०९/०९ | माग भए बमोजिम विवरण उपलब्ध गराइएको । | २०८१/०९/२५ | |
| ११ | सौदिव्य रेग्मी | समिट होटल र अपार्टमेण्ट निर्माण सम्बन्धि सूचना पाउँ । | २०८१/०९/१५ | माग भए बमोजिम विवरण उपलब्ध गराइएको । | २०८१/०९/२९ | |
| १२ | विश्वनीति प्रकाशमान सिंह पाखिन | सूचना तथा जानकारीको प्रमाणित प्रतिलिपि पाउँ भन्ने वारे । | २०८१/१०/१४ | माग भए बमोजिम विवरण उपलब्ध गराइएको । | २०८१/१०/२७ | |
| १३ | दुर्गा प्रसाद पौडयाल | सूचना विवरण उपलब्ध गराउने बारे । | २०८१/११/०६ | माग भए बमोजिम विवरण उपलब्ध गराइएको । | २०८१/११/१२ | |
| १४ | अधिवक्ता चन्द्र प्रसाद भुसाल | सूचनाको माग सम्बन्धमा । | २०८१/११/१९ | माग भए बमोजिम विवरण उपलब्ध गराइएको । | २०८१/११/२६ | |
| १५ | विवेक चौधरी | सूचना उपलब्ध गराईदिने सम्बन्धमा । | २०८१/१२/२० | माग भए बमोजिम विवरण उपलब्ध गराइएको । | २०८१/०१/०३ र २०८१/०१/१० | |

## १९. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण:

मन्त्रालय मातहत एवं सम्बद्ध निकायहरुको देहायको वेवसाइटमा सो निकाय सम्बन्धित सुचना प्राप्त गर्न सकिने छ ।

www.dudbc.gov.np

www.doli.gov.np

https://bagmati.gov.np/

https://tdf.org.np/

https://www.kvda.gov.np/